पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

१० औं वार्षिक प्रतिवेदन
२०७८

संस्थाको कार्यक्षेत्र

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

संचालक समिति

अध्यक्ष
मे. तुलसी प्रसाद गुरुङ

उपाध्यक्ष
रुद्र कुमारी गुरुङ (मैना)

सचिव
क्या. चन्द्र प्रसाद गुरुङ

कोषाध्यक्ष
केशव प्रसाद ढकाल

सदस्य
गिर बहादुर श्रेष्ठ (किरण)

सदस्य
कृष्ण ढकाल

सदस्य
केदारनाथ पोखरेल

सदस्य
सि-आई हरि बहादुर गुरुङ

सदस्य
उमा परियार

लेखा सुपरिवेक्षण समिति

संयोजक
हर्क बहादुर गुरुङ

सदस्य
बालाकृष्ण पौडेल

सदस्य
खिम कुमारी गुरुङ

सल्लाहकारहरू

कानुनी सल्लाहकार

ध्रुव मोहन भट्टराई
वरिष्ठ अधिवक्ता

चन्द्र बहादुर ठकुरी
(सहकारी विज्ञ)

डा. आनन्द बहादुर श्रेष्ठ
(चिकित्सक)

मे. राम प्रसाद गुरुङ
(समाजसेवी)

गणेश कुमार प्रधान
(समाजसेवी)

एक नारायण शर्मा
(समाजसेवी)



राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

सहकारीका ७ सिद्धान्तहरू:

स्वेच्छिक तथा खुला सदस्यता	:	(Voluntary & Open Membership)
सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण	:	(Democratic Member Control)
सदस्यहरुको आर्थिक सहभागिता	:	(Member's Economic Participation)
स्वायत्तता र स्वतन्त्रता	:	(Autonomy & Independence)
शिक्षा, तालिम तथा सूचना	:	(Education, Training & Information)
सहकारी–सहकारीबीच पारस्परिक सहयोग	:	(Co-operation among Co-operatives)
समुदायप्रतिको चासो	:	(Concern for Community)

आवद्धता

२० औं वार्षिक साधारण सभा बारेको सूचना

सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशले मिति २०७८ साल भाद्र ७ गते जारी गरेको सूचना तथा सहकारी बिभागले मिति २०७७ साल आश्विन १ गते जारी गरेको साधारण सभा सञ्चालन सम्वन्धी मार्गदर्शन बमोजिम संस्थाले महामारी अवधिमा साधारण सभा सञ्चालन कार्यविधी तय गरे अनुसार मिति २०७८ असार ३१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम निम्न मिति, स्थान र समयमा संस्थाको २०औं वार्षिक साधारण सभा तपसिलका विषय उपर छलफल र निर्णय गर्न बस्ने बारेको पत्र सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सम्प्रेषण भईरहेको छ। कुनै कारणवस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी मिति २०७८ साल असोज १० गते देखी १६ गते सम्म निम्न तालिका अनुसार साधारण सभा हुने भएकोले आफुलाई पायक पर्ने कार्यालयमा उपस्थित भई साधारण सभाको दर्ता किताबमा आफ्नो नाम दर्ता गर्न, वार्षिक प्रतिवेदन लिने र सुझाव एवं जिज्ञाशा भए लिखित रुपमा पठाई दिन हुन समेत हार्दिक अनुरोध गरिन्छ।

छलफलका विषयहरु :

१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
२ लेखा समितिको तर्फबाट संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३ आ.व. २०७७/०७८ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
४ आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५ आ.व. २०७८/०७९ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने।
६ सदस्यहरुको सुझाव एवं जिज्ञाशाको समष्टिगत प्रस्तुतिकरण।
७ निर्देशिका तथा कार्यविधीहरु संसोधन गरि पारित गर्ने सम्वन्धमा।
८ शेयर लाभांश एवं संरक्षित पूँजि फिर्ता कोष वितरण सम्बन्धमा।
९ विशेष प्रस्तावहरु पारित गर्ने।
१० सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन।

साधारण सभा तालिका :

सभा शुभारम्भ,नाम दर्ता तथा सुझाव संकलन			
मिति	**स्थान**	**समय**	**कार्यक्रम**
२०७८/०६/१०	तालिम हल, रोयल सहकारी भवन प्रधान कार्यालय पोखरा	बिहान १० बजे	सभा शुभारम्भ (अध्यक्षज्यूबाट) (आमन्त्रित मात्र)
२०७८/०६/१० देखि २०७८/०६/१५ गते सम्म	प्रधान कार्यालय : बुद्धचोक, पोखरा सेवाकेन्द्रहरु : दुलेगौंडा तनहुँ, भण्डार ढिक कास्की र मोहरिया कास्की	बिहान १०:३० देखि १६:३० सम्म	सदस्यहरुको नाम दर्ता/प्रतिवेदन वितरण/प्रश्न तथा सुझाव संकलन
२०७८/०६/१५	प्रधान कार्यालय	१७ बजेदेखि १९ बजेसम्म	सुझाव तथा प्रश्नहरुको संकलन तथा संक्षेपीकरण तयार गर्ने

प्रतिवेदन प्रस्तुतीकरण, निर्णय प्रमाणीकरण र समापन
२०७८/०६/१६ गते शनिवार, बिहान : ११ बजेदेखि स्थान : रोयल दिदीबहिनी किचनको सभाहल पोखरा १० कास्की । नोट : सभामा सञ्चालक समिति/लेखा सुपरिवेक्षण समिति/सल्लाहकार/विभिन्न उपसमिति/ तोकिएको कर्मचारी र छनौट भएका १२ जना प्रतिनिधि मात्र रहने व्यवस्था गरिएको छ । **साधारण सभा तथा समापन कार्यक्रम संस्थाको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरिनेछ । सदस्यहरुलाई अभौतिक माध्यम (जूम प्लेटफर्म) बाट समेत सहभागिताका लागि हार्दिक अनुरोध छ ।**

साधारण सभा सम्बन्धी थप जानकारी

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०७८ साल असोज १४ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नुपर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको वेवसाईट www.royalcooperative.com को रिपोर्ट सेक्सनमा गई डाउनलोड गर्न सक्नुहुनेछ ।
- वार्षिक साधारण सभाको लागि सदस्यहरुले नाम दर्ता र सुझाव पेश गर्न कार्यालयमा उपस्थित हुँदा स्वास्थ्य सम्वन्धी मापदण्डहरु जस्तै : भौतिक दुरी कायम गर्ने र अनिवार्य मास्कको प्रयोग गरि व्यवस्थापनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।
- साधारण सभाको समापन कार्यक्रममा उपस्थित हुनका लागि, हरेक दिन कार्यालयमा नाम दर्ता गराएका सदस्यहरुमध्ये गोलाप्रथाद्धारा दुईजना प्रतिनिधि चयन गरिनेछ र तिनै प्रतिनिधिले साधारण सभाको वैठक पुस्तिका प्रमाणित गर्नेछन् ।
- यस आर्थिक वर्षमा सहकारी सम्बन्धी तालिम लिन ईच्छुक सदस्यज्युहरुले आफ्नो नाम र सदस्यता नम्बर साधारण सभाको कार्यक्रम अवधिमा टिपाई दिनु हुन जानकारी गरिन्छ ।
- संस्थाको २०औं वार्षिक साधारण सभामा मिति २०७८ साल असोज १३ गते बाट २०७८ साल असोज १६ गते सम्म निर्वाचन कार्यक्रम रहेकोले सहभागिताको लागि जानकारी गरिन्छ ।
- साधारण सभाको प्रतिवेदनहरु उपर आफ्नो जिज्ञासा, राय तथा सुझाव भएमा सो समेत समेटिने गरि प्रतिवेदनको अन्तिम पानामा भएको सदस्य सहभागिता फारम वा संस्थाको फेसबुक पेजमा राखिएको गुगल फर्ममा आफ्नो सुझाव भरि २०७८ असोज १५ गते १६:०० वजे भित्र पठाईदिन हुन अनुरोध गरिन्छ ।
- नेपाल सरकार र संस्थाबाट जारी सूचना साथै स्वास्थ्य मापदण्डको विशेष ख्याल राखौ ।

धन्यवाद ।

सञ्चालक समितिको आज्ञाले,
चन्द्रप्रसाद गुरुङ्ग
सचिव

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

२०औं वार्षिक साधारणको निर्वाचन कार्यक्रमको बारेमा सूचना :

यस संस्थाको मिति २०७८ भाद्र ११ गते बसेको निर्वाचन उपसमितिको बैठकको निर्णयानुसार संस्थाको २०औं वार्षिक साधारण सभामा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहोला ।

क्र.सं.	कार्यक्रमको विवरण	मिति	समय	
			देखि	सम्म
१	मतदाता नामावली प्रकाशन	२०७८/०६/१३	१०:३०	११:००
२	मतदाता नामावली उपर दाबी विरोध	२०७८/०६/१३	११:३०	१४:३०
३	छानविन तथा मतदाताको अन्तिम नामावली प्रकाशन	२०७८/०६/१३	१४:३०	१६:३०
४	उम्मेद्वारी पत्र वितरण, दर्ता	२०७८/०६/१४	१०:३०	१२:३०
५	उम्मेद्वारको पहिलो नामावली प्रकाशन	२०७८/०६/१४	१२:३०	१३:३०
६	उम्मेद्वारी उपर दाबी विरोध	२०७८/०६/१४	१३:३०	१४:३०
७	विरोध उपर छानविन, निर्णय र उम्मेद्वारी फिर्ता	२०७८/०६/१४	१४:३०	१६:३०
८	उम्मेद्वारको अन्तिम नामावली प्रकाशन	२०७८/०६/१४	१६:३०	१७:३०
९	मतदान तयारी/उम्मेद्वारको परिचय/प्रचार प्रसार	२०७८/०६/१५	१०:३०	१६.३०
१०	मतदान	२०७८/०६/१६	१२:३०	१७.३०
११	मतगणना	२०७८/०६/१६	१८.०० बजेबाट	
१२	निर्वाचन परिणाम घोषणा/प्रमाण पत्र वितरण	२०७८/०६/१६	मतगणना पश्चात	
१३	शपथ ग्रहण	२०७८/०६/१६	निर्वाचन परिणाम घोषणा पश्चात	

वरिष्ठ अधिवक्ता ध्रुवमोहन भट्टराई
संयोजक
निर्वाचन उपसमिति


शेयर
२०५,०००
२००,०००
१९५,०००
१९०,०००
१८५,०००
१८०,०००
१७५,०००
०७५/०७६
०७६/०७७
०७७/०७८


संस्थागत पूँजी
१६०,०००
१४०,०००
१२०,०००
१००,०००
८०,०००
६०,०००
४०,०००
२०,०००
-
०७५/०७६
०७६/०७७
०७७/०७८


निक्षेप
१,६००,०००
१,४००,०००
१,२००,०००
१,०००,०००
८००,०००
६००,०००
४००,०००
२००,०००
०
०७५/०७६
०७६/०७७
०७७/०७८


ऋण
१,५००,०००
१,४५०,०००
१,४००,०००
१,३५०,०००
१,३००,०००
१,२५०,०००
१,२००,०००
१,१५०,०००
१,१००,०००
०७५/०७६
०७६/०७७
०७७/०७८


सञ्चालन बचत
८०,०००
७०,०००
६०,०००
५०,०००
४०,०००
३०,०००
२०,०००
१०,०००
-
०७५/०७६
०७६/०७७
०७७/०७८


सदस्य संख्या
८,०००
७,०००
६,०००
५,०००
४,०००
३,०००
२,०००
१,०००
०
०७५/०७६
०७६/०७७
०७७/०७८

बिषयसूची

सि.नं.	शिर्षक	पेज नं.
१.	सञ्चालक समितिको वार्षिक प्रतिवेदन	१
२.	लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन	९
३.	आ.व.२०७८/०७९ को लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट	१४
४.	लेखा परिक्षकको प्रतिवेदन	२५
५.	२०७८ आषाढ मसान्त सम्मको वासलात	२७
६.	आ.व. २०७७/०७८ को नाफा नोक्सान विवरण	२८
७.	नगद प्रवाह विवरण	२९
८	नाफा बाँडफाँड हिसाव	३०
९.	इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण	३१
१०.	वित्तिय विवरण सम्बन्धि टिप्पणीहरू	३२
११.	पर्ल्स विश्लेषण	४९
१२.	सदस्यको काम, कर्तव्य र अधिकार	५१
१३.	सदस्य सुझाव एवं सहभागिता फाराम	५३

२०औं वार्षिक साधारण सभा २०७८
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री तुलसी प्रसाद गुरुङ्गद्धारा प्रस्तुत
आ.व.२०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन

आदरणीय प्रमुख अतिथि ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, शेयर सदस्यज्यूहरु र प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनका सम्पूर्ण कर्मचारी मित्रहरुमा पोखरा रोयल साकोसको २०औं वार्षिक साधारण सभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सदस्य मित्रहरु, विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको दोस्रो लहरसंगै आ.व.२०७७/०७८ मा मिश्रित नतिजा हासिल भएको छ । यो वर्षको लागि हामीले सदस्यको मानव स्वास्थ्य र वित्तीय स्वास्थ्यलाई सन्तुलन कायम गर्दै व्यवसायलाई निरन्तरता दिने लक्ष्य लिएका थियौं । फलस्वरुप विषम परिस्थितिका बाबजुद पनि हामी निर्धारित लक्ष्यमा पुग्न सफल भएका छौं । वित्तीय सफलता संगसंगै हामीले राष्ट्रिय सहकारी महासंघद्वारा प्रदान गरिने उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कार र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघद्धारा प्रदान गरिने उत्कृष्ठ बचतकर्ता पुरस्कार प्राप्त गर्न सफल भएका छौं । यो सफलता महामारीको विषम परिस्थितिमा सदस्य सेवा र व्यवसाय निरन्तरतामा तपाई हामीले खेलेको भूमिकाको उच्च मुल्यांकन हो भन्ने हाम्रो बुझाई छ । संस्थाले निर्माण गरेको व्यवसाय निरन्तरता योजना बमोजिम महामारी र लकडाउन संगै आर्थिक वर्ष २०७७/०७८ मा हासिल गरेका उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) वित्तीय गतिविधी :

यस वर्षको प्रमुख वित्तीय झलक र समीक्षा :

शीर्षक	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	प्रगति प्रतिशत
शेयर पूँजी	१९,८७,१९,३००.००	२०,२४,८१,८००.००	१.८९
बचत/निक्षेप	१,३२,०५,५६,३८५.५२	१,४७,७३,९२,६७३.८७	११.८८
ऋण लगानी	१,४५,५८,५५,४०७.१६	१,३८,३५,९९,१०१.७०	(४.९६)
साधारण जगेडा कोष	११,८४,७४,०८७.१६	१३,६९,४८,७६८.६९	१५.५९
अन्य कोषहरु	४,२२,१८,८२४.१४	२,८४,३३,७९७.५३	(३२.६५)
सञ्चालन बचत	६,८६,३६,८०२.६५	४,६५,७४,५२८.०१	(३२.१४)
कूल वासलात	१,८३,१९,०२,८६८.९२	२,००,१३,६६,८१३.८७	९.२५

उपरोक्त तालिकालाई विश्लेषण गर्दा महामारीको विषम परिस्थितिमा पनि शेयर पूँजी, बचत निक्षेप र जगेडा कोषमा वृद्धि भएको देखिन्छ। यस अवधिमा ऋण लगानी, अन्य कोष र सञ्चालन बचतमा अघिल्लो आ.व.भन्दा न्यून हुन गएको देखिन्छ । यो वर्ष हामीले बचत निक्षेपमा बढी ब्याज र ऋण लगानीमा कम ब्याज गरि कारोबारलाई रोक्ने रणनीति तय गर्दा लिने र दिने ब्याजको अन्तर जम्मा ३.९२ प्रतिशत मात्र कायम हुन पुग्यो । तथापि संस्थाले तय गरेको बजेट बमोजिम लक्ष्य भने पुरा गर्न सफल भएको छ । पर्ल्स वित्तीय प्रतिवेदनको

सार विश्लेषण गर्दा ऋण सुरक्षणका लागि आवश्यक सबै व्यवस्था गरेका छौं । त्यसै गरि कूल सम्पत्तिमा बचत निक्षेपको अनुपात ७३.८३ प्रतिशत, शुद्ध ऋणको अनुपात ६६.९५ प्रतिशत, शेयर रकम १०.१२ प्रतिशत, शुद्ध संस्थागत पूँजी ६.९० र भाखा नाघेको ऋणको प्रतिशत ६.६३ प्रतिशत रहेको छ । समग्रतामा संस्थाको कूल सम्पत्तिमा ९.२५ प्रतिशतले वृद्धि भएको छ ।

१९औं वार्षिक साधारण सभाबाट विनियोजित गरिएको नाफाबाट सदस्यहरुले शेयर लगानीको आधारमा १०.५३ प्रतिशत लाभांश प्राप्त गरेका छन् भने संरक्षित पूँजी फिर्ताकोषबाट सदस्यहरुले बचत कारोबार तर्फ ३.५० प्रतिशत र ऋण कारोबार तर्फ ३.३० प्रतिशत अतिरिक्त लाभ प्राप्त गरेका छन, यसरी लाभ प्राप्त गर्ने सदस्यहरु मध्ये रु. १०,००० भन्दा बढी रकम प्राप्त गर्ने सदस्य मात्र २१६ जना छन् । त्यसरी नै कर्मचारीहरुलाई नियमानुसार ३ महिना बराबरको बोनस वितरण गरिएको छ। आ.व.२०७७/०७८ को नाफाबाट लेखापरिक्षकको प्रतिवेदनमा उल्लेख भए बमोजिम सम्वन्धित कोषहरुमा रकम विनियोजन गरिएको छ ।

२) क्षेत्रगत आधारमा सदस्यता विस्तार तथा लघुवित्त केन्द्रको अवस्था :

आ.व.२०७७/०७८ को अन्त्यसम्ममा सदस्य संख्या ७३४६ जना पुगेको छ। यस वर्ष मात्र ७९६ जना नयाँ सदस्य थपिएका छन् भने ९५१ जना सदस्यको सदस्यता फिर्ता गरिएको छ । कूल सदस्य मध्ये महिला सदस्य संख्या ४९९५, पुरुष सदस्य संख्या २३४० र संस्थागत ११ रहेका छन् भने ३९९ जना बाल बचतकर्ता रहेका छन् । संस्थाको कार्यक्षेत्र भित्र पर्ने जिल्लागत आधारमा सदस्यहरुको सहभागिता निम्न बमोजिम देखिन्छ ।

जिल्ला	महिला	पुरुष	संस्थागत	जम्मा सदस्य	कूल सदस्यमा भारित प्रतिशत
कास्की	३१७३	१४५०	१०	४६३३	६३.०७
तनहूँ	११५९	५४५	१	१७०५	२३.२१
स्याङ्गजा	५०१	२८४	०	७८५	१०.६९
लमजुङ्ग	१६२	६१	०	२२३	३.०३
जम्मा सदस्य	४९९५	२३४०	११	७३४६	१००

त्यसैगरि उपरोक्त बमोजिम रहेका सदस्यहरुमा १६ वर्षदेखि ४० वर्ष उमेर समूहका ४३.६१ प्रतिशत, ४१ वर्ष बाट ६० वर्ष उमेर समूहका ४३.०७ प्रतिशत र ६१ वर्ष बाट ७५ वर्ष उमेर समुहका १२.४६ प्रतिशत र ७६ वर्ष भन्दा माथिका ०.८६ प्रतिशत रहेका छन् ।

त्यसरी नै संस्थाले सञ्चालन गर्दै आईरहेको सहकारी लघुवित्त कार्यक्रममा यस वर्षसम्म जम्मा १४८१ जना व्यक्तिहरु सदस्यको रुपमा आवद्ध भएका छन् । जसमा २८४ समूह र ११४ केन्द्र रहेका छन् । विभिन्न पालिकाहरुमा रहेका लघुवित्तका समूहहरुको विस्तृत विवरण निम्न बमोजिम रहेका छन् ।

जिल्ला	पालिका	आवद्ध केन्द्रहरु	आवद्ध समूह	जम्मा सदस्य
कास्की जिल्ला	पोखरा महानगरपालिका	७०	१६६	८३५
	अन्नपूर्ण गाँउपालिका	२	५	२८
	माछापुच्छ्रे गाँउपालिका	१	४	२२
	रुपा गाँउपालिका	२	४	२१
	मादी गाँउपालिका	१७	४९	२७८
तनहूँ जिल्ला	शुक्लागण्डकी नगरपालिका	१९	४९	२६०
	भिमाद नगरपालिका	३	७	३७
जम्मा		**११४**	**२८४**	**१४८१**

३) नीतिगत क्षेत्रको कार्यप्रगति :

यस अवधिमा हामीले संस्थाको कार्यविधीहरुलाई संगालेर कार्यविधी संगालो तयार गरेका छौं । प्रविधीमैत्री सेवा, श्रम सम्वन्ध, सुरक्षा तथा स्वास्थ्य सम्वन्धी कार्यविधी, व्यावसायिक सम्वन्ध विस्तार कार्यविधी, सदस्य वीमा, व्यवसाय निरन्तरता ऋण कार्यविधी आदिको निर्माण गरि लागु गरेका छौं । संस्थागत सुशासन कायम गर्दै नीति बमोजिम दुई पटक सञ्चालक समितिको बैठकमा सम्पत्ति शुद्धिकरण निवारण प्रतिवेदनको छलफल तथा आवश्यक कागजातहरु सम्वन्धित निकायमा पेश गरेका छौं । संस्थालाई नीति, विधी र प्रविधीमा सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली तथा व्यवस्थापनमा ध्यान दिएका छौं ।

४) सांगठनिक व्यवस्थापन र कार्यालयहरुको व्यवस्थापकीय अवस्था :

संस्थामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद्को अलावा ऋण लगानी तथा असुली उपसमिति, सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरु, महिला उपसमिति, पदपूर्ति उपसमिति, स्वास्थ्य तथा वातावरण उपसमिति, प्रोवेसन कार्यदल, श्रम सम्वन्ध उपसमिति, सुरक्षा तथा स्वास्थ्य उपसमिति, पदाधिकारी र उच्च व्यवस्थापन समूह मार्फत नियमित समन्वय र सहकार्य भईरहेको छ । सेवाकेन्द्रहरुबाट सदस्यहरुको उत्साहजनक सहभागिता र कारोबार भईरहेको छ । प्रधान कार्यालय तथा सेवाकेन्द्रहरुमा रहेको जनशक्ति र यसको कार्यबोझको अवस्था यसप्रकार रहेको देखिन्छ ।

कार्यालय/सेवाकेन्द्र	कार्यरत कर्मचारी	जम्मा सदस्य	कूल वासलात
प्रधान कार्यालय, पोखरा कास्की	२३ जना	४,४०१	१,६७,३९,९५,९१६.९८
दुलेगौंडा सेवाकेन्द्र, तनहूँ	७ जना	१,२०८	१६,१२,५८,७०९.५
भण्डारढिक सेवाकेन्द्र, कास्की	७ जना	१,०२७	१२,३८,४५,१२६.३२
मोहरिया सेवाकेन्द्र, कास्की	६ जना	७१०	४,२२,६७,०६१.०७
जम्मा	**४३**	**७,३४६**	२,००,१३,६६,८१३.८७

कार्यालय व्यवस्थापनको क्रममा यस वर्ष प्रधान कार्यालयको चौथो तलामा कार्यालय कोठाहरु निर्माण गरि अन्य विभागीय कामको लागि व्यवस्थापन गरिएको छ । त्यसैगरि संस्थाको सक्रियतामा स्थापना भएको रोयल

फाउण्डेसनको लागि कार्यालय कोठाको व्यवस्था भएको छ । यस वर्ष नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.मा रु.४ लाख ६४ हजार २ सय रुपैयाँ शेयर थप गरि रु.१० लाख पुऱ्याईएको छ । सहकारीका संघहरु र सहकारी बैकमा भएको लगानीको प्रतिफल समेत उत्साहजनक रहेको सम्मानित सभामा जानकारी गराउन चाहन्छु । संस्थामा रहेको पुरानो कागजातहरु कार्यविधी बमोजिम समितिको रोहवरमा धुल्याई कार्य सम्पन्न भएको छ । महामारीको अवधिमा सदस्य सुरक्षा प्रणालीको अवलम्वन गर्दै प्रविधिको भरपुर प्रयोग मार्फत २०औं वार्षिक साधारण सभा अभौतिक रुपमा सम्पन्न भएको छ ।

५) कर्मचारी व्यवस्थापन :

यस समीक्षा अवधिसम्म संस्थामा ४३ जना कर्मचारीहरु नियमित कर्मचारीका रुपमा रहेकोमा चालु वर्षमा थप २ जना कर्मचारीहरु नियुक्ती भएका छन् । जसमध्ये ३४ जना स्थायी र ११ जना अस्थायी सेवामा कार्यरत रहेका छन् । उपरोक्त बाहेक ३ जना सुरक्षा गार्डहरु सेक्यूरिटी कम्पनी मार्फत र ४ जना व्यवस्थापन प्रशिक्षार्थी र एकजना सरसफाईको लागि कार्यरत छन् । कार्य सम्पादनको आधारमा १० जना कर्मचारीलाई स्थायी सेवामा र एक जना अधिकृत सहित ५ जना कर्मचारीको विभिन्न पदमा पदोन्नती गरिएको छ भने केहि कर्मचारीहरुको सरुवा गरिएको छ । आ.व.२०७८/०७९ को प्रारम्भसंगै सेवाकेन्द्रहरुको क्षमता विस्तार गर्दै थप प्रगति हासिल गर्ने लक्ष्य सहित सबै सेवाकेन्द्रहरुमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा सेवा व्यवस्थापन गरिएको छ ।

६) प्रविधीमैत्री सेवामा बिस्तार :

महामारीलाई अवसरको रुपमा बदल्ने योजना बमोजिम हाम्रो सेवालाई प्रविधीमैत्री बनाउने अभियान द्रुत गतिमा अगाडि बढेको छ । हाल प्रधान कार्यालय र दुलेगौंडा सेवाकेन्द्रबाट एटिएम सेवा प्रदान गरिरहेको छ, जसबाट १०१४ जना सदस्यहरुले प्रत्यक्ष सेवा लिईरहेका छन् । हाल यो सेवालाई अझ छिटो छरितो बनाउने क्रममा सदस्यको निवेदन प्राप्त हुने वित्तिकै तत्काल प्रदान गर्न Instant Card को शुरुवात गरिएको छ। त्यसरी नै रोयल स्मार्ट बैकिङ्ग सेवाले सदस्यहरुमा थप आकर्षण बढाएको छ। हाल सम्म ४९८ जना सदस्यहरुले स्मार्ट बैकिङ्ग एप मार्फत सहज रुपमा स्मार्ट सेवा उपभोग गरिरहेका छन्। यसै क्रममा सदस्यहरुलाई समेत स्मार्ट सदस्यको रुपमा विकास गर्ने अभियान बमोजिम सदस्यहरुको व्यवसायिक प्रतिष्ठानहरुका लागि संस्थाको Quick Response Code (क्यू आर कोड) प्रविधी हस्तान्तरण गर्ने अभियान थालनी भएको छ । यसबाट महामारीको समयमा नगदरहित कारोबारबाट सदस्य तथा सेवाग्राहीले लाभ लिएको हामीले पाएका छौं । संस्थाको वेवसाईटलाई समयानुकूल अपडेट गरिरहेका छौं भने संस्थाको फेसबुक अकाउण्ट, इन्स्टाग्राम र यूटयूब च्यानल मार्फत समेत सदस्य सेवा र वस्तुहरुको प्रचार प्रसार गर्ने काम भईरहेको छ ।

७) सम्मान, पुरस्कार वितरणको विवरण :

१९औं वार्षिक साधारण सभामा पुरस्कार तथा सम्मान प्राप्त गर्ने महानुभाव एवं केन्द्रहरु			
क्र.सं.	**पुरस्कार तथा सम्मान**	**सम्मानित व्यक्तित्व**	**कैफियत**
१	वर्ष उत्कृष्ट कर्मचारी	सरस्वती भुजेल	रु.१५ हजार र सम्मान पत्र
२	वर्ष उत्कृष्ट सदस्य	सरस्वती बराल किसन कुमार खनाल	जनही रु.५ हजार र सम्मान पत्र
३	उत्कृष्ट बाल बचतकर्ता	सोफिया गुरुङ	रु.२ हजार र सम्मान पत्र

४	उत्कृष्ट सुझावकर्ता सम्मान	राजकुमार अर्याल	प्रमाणपत्र र दोसल्ला
५	उत्कृष्ट लघुवित्त केन्द्र पुरस्कार प्रथम, द्धितिय र तृतिय क्रमशः	पिपलथोक रोयल केन्द्र, तनहुँ लालीगुराँस रोयल केन्द्र, कास्की मेलमिलाप रोयल केन्द्र कास्की	रु. ५,००० र सम्मान पत्र रु. ३,००० र सम्मान पत्र रु. २,००० र सम्मान पत्र

२०औं वार्षिक साधारण सभामा पुरस्कार तथा सम्मान प्राप्त गर्ने महानुभाव एवं केन्द्रहरु

क्र.सं.	पुरस्कार तथा सम्मान	सम्मानित व्यक्तित्व	कैफियत
१	वर्ष उत्कृष्ट कर्मचारी	अविनाश पौडेल	रु.१५ हजार र सम्मान पत्र
२	वर्ष उत्कृष्ट सदस्य	प्रभात पौडेल पार्वती पौडेल बराल	जनही रु.५ हजार र सम्मान पत्र
३	उत्कृष्ट बाल बचतकर्ता	अन्जली गुरुङ	रु.२ हजार र सम्मान पत्र
४	उत्कृष्ट लघुवित्त केन्द्र पुरस्कार प्रथम, द्धितिय र तृतिय क्रमशः	हरियाली रोयल केन्द्र, पोखरा १३ कास्की शिशुवा रोयल केन्द्र, पोखरा ३० कास्की साथीभाई रोयल केन्द्र मादी ६ कास्की	रु. ५,००० र सम्मान पत्र रु. ३,००० र सम्मान पत्र रु. २,००० र सम्मान पत्र
५	उत्कृष्ट सेवाकेन्द्र	दुलेगौंडा सेवाकेन्द्र तनहुँ	प्रमाणपत्र र दोसल्ला

आ.व.२०७७/०७८ मा उत्कृष्ट हुने सदस्य र कर्मचारीको विवरण :

महिना	उत्कृष्ट सदस्य	उत्कृष्ट कर्मचारी	महिना	उत्कृष्ट सदस्य	उत्कृष्ट कर्मचारी
श्रावण	नारायण सुवेदी	विजय गुरुङ	भाद्र	भरत तिवारी	अविनाश पौडेल
आश्विन	पार्वती पौडेल बराल	विरेन्द्र गुरुङ	कार्तिक	बुद्धिमाया पुन	सन्तोष पौडेल
मंसीर	प्रेमप्रसाद ढकाल	देवी गुरुङ	पौष	दिपक बाँस्तोला	रुपेन्द्र गुरुङ
माघ	सुरेन्द्र प्रधान	झलकप्रसाद तिवारी	फागुन	भोजमाया मानन्धर	अनिशा गुरुङ
चैत्र	प्रभात पौडेल	डिलकुमारी गुरुङ	बैशाख	हुमादेवी पोखरेल	मन्जु दाहाल
जेठ	धनमाया गुरुङ	जगमाया घले	आषाढ	इन्दिरा कोइराला तिवारी	टंकबहादुर गुरुङ

८) तालिम, गोष्ठी, भ्रमण तथा अभिमूखीकरण :

यस वर्ष विभिन्न तालिम तथा गोष्ठीमा भएको सहभागिताको विवरण :

क्र.सं.	तालिमको नाम र स्थान	सहभागिको नाम	आयोजक संस्था
१	क्यान्सर रोग सम्वन्धी सचेतना गोष्ठी	३९७ जना शेयर सदस्य	पोखरा रोयल साकोस
२	सदस्य शिक्षा तालिम	१०८ जना सदस्यहरु	पोखरा रोयल साकोस
३	सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC)	सञ्चालक/लेखा/उपसमिति र कर्मचारी गरि २४ जना	पोखरा रोयल साकोस
४	Concious Leadership for coop Ceos	मूख्य प्रवन्धक	राष्ट्रिय सहकारी महासंघ
५	Cyber security & Personal Mgmt.	३५ जना कर्मचारीहरु	पोखरा रोयल साकोस
६	CLCC	६ जना कर्मचारी	सिएमसि कास्की
७	सहकारीमा कर तथा लेखा व्यवस्थापन	सञ्चालक/लेखा/उपसमिति र कर्मचारी गरि ४० जना	पोखरा रोयल साकोस र चन्द्रागिरी साकोस
८	Leadership Skills for Cooperative Management	३ जना कर्मचारीहरु	राष्ट्रिय सहकारी महासंघ
९	Training Workshop on Ethical Review Process of Health Research	प्रमुख कार्यकारी अधिकृत	NHRC Gov. of Nepal
१०	Physical and mental wellbeing in the context of covid 19	सञ्चालक/लेखा/उपसमिति र कर्मचारी गरि ४० जना	पोखरा रोयल साकोस र चन्द्रागिरी साकोस
११	Nepal Financial Reporting Standard	४ जना कर्मचारी	नेफ्स्कून/सहकारी बैंक
१२	सम्पत्ति शुद्धिकरणमा सहकारी संस्थाको भूमिका	३५ जना समिति तथा कर्मचारी	पोखरा रोयल साकोस
१३	Advance Excel training	२ जना कर्मचारी	नेफ्स्कून
१४	सम्पत्ति सुद्धिकरण निवारण	३ जना	नेफ्स्कून
१५	Business Continuity plan	हरिबहादुर गुरुङ सञ्चालक	एशियाली ऋण महासंघ

९) सहकारी अभियान र व्यावसायिक प्रतिष्ठानसंगको सहकार्य :

संस्थाले स्थापनाकाल देखि नै सहकारी अभियानसंग निकट सम्वन्ध राखेर कार्य सम्पादन गर्दै आईरहेको छ । यस वर्ष समेत हामीले सहकारीका नियामक निकाय, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, जिल्ला स्थित सहकारी संघहरुकै मार्गदर्शनमा कार्य सञ्चालन गरेका छौं । यस वर्ष सहकारी विभागले ऋण शिर्षकमा लागु गरेको १४.७५ प्रतिशतको सन्दर्भ व्याजदर २०७७ आश्विन १ गतेबाट नै लागु गरिएको छ । अहिले पनि संस्थाका अध्यक्ष राष्ट्रिय सहकारी बैंक पोखरा शाखा व्यवस्थापन उपसमितिको संयोजक र संस्थाका उपाध्यक्ष नेफ्स्कून पोखरा फिल्ड कार्यालय व्यवस्थापन उपसमितिको सदस्यको रुपमा कार्य गरिरहनु भएको

छ । संस्थाका प्रमुख कार्यकारी अधिकृतले पोखरा महानगरपालिका सहकारी समितिको विज्ञ सदस्यको रुपमा आफ्नो भूमिका निर्वाह गरिरहनुभएको छ भने मूख्य प्रवन्धकले को-अपरेटिभ म्यानेजर्स क्लवसंग नियमित सहकार्य गरिरहनुभएको छ । संस्थाकै परिकल्पनामा स्थापना भएको रोयल फाउण्डेसन र रोयल दिदीबहिनी किचनसंगको व्यावसायिक सम्वन्ध र भगिनी सम्वन्ध कायम रहेको चन्द्रागिरी साकोससंगको सम्वन्ध थप व्यवस्थित हुँदै गईरहेको छ । महामारीको समयमा समेत विभिन्न जिल्लाबाट ५ वटा सहकारीका प्रतिनिधी मण्डलले संस्थाको भ्रमण गरि अनुभव आदान प्रदान गरेका छन् । सदस्यहरुको सुविधाको लागि आ.व.२०७८/०७९ को प्रारम्भदेखि नै विभिन्न व्यावसायिक प्रतिष्ठानसंग सहकार्य गरिएको छ । हाल सम्म व्यावसायिक सम्वध कायम गरिएका संस्थाहरुमा रोयल दिदीबहिनी किचन, ग्यालेक्सी अस्पताल, पद्मा नर्सिङ होम, लाईफ केयर डाईग्नोष्टिक, यूआरएल र पोखरा ईन्टरनेट रहेका छन् । यी संस्थाहरुमा पोखरा रोयल सहकारीका सदस्यहरुले सेवा लिँदा लाग्ने शुल्कमा ५ देखि ३० प्रतिशत सम्म छुट पाउने व्यवस्था गरिएको छ ।

१०) राहत तथा सामुदायिक सेवामा रोयल साकोस :

संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा यस वर्ष पनि विभिन्न संघ संस्था एवं सदस्यहरुलाई आर्थिक तथा भौतिक सहयोग प्रदान गरेको छ भने ७५ वर्ष उमेर पार गरेका ज्येष्ठ सदस्यहरुलाई प्रदान गरिने वार्षिक पेन्सन समेत नियमित रुपमा प्रदान गरिरहेको छ । यस वर्ष संस्थागत उत्तरदायित्व अर्न्तगत सहयोग गरिएको संघ संस्थाको नामावली यसप्रकार रहेका छन् ।

क्र.सं.	राहत प्रदान गरिएको संघ/संस्था	सहयोग रकम तथा सामाग्री	कैफियत
१	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	२५०० थान मास्क र ५० लिटर स्यानिटाईजर	कोरोना नियन्त्रणमा खटिने राष्ट्रसेवकलाई वितरण गर्न
२	जिल्ला प्रहरी कार्यालय कास्की	२५०० थान मास्क र ५० लिटर स्यानिटाईजर	कोरोना नियन्त्रणमा खटिने राष्ट्रसेवकलाई वितरण गर्न
३	तमु प्ये ल्हु संघ नेपाल, पोखरा	रु.२५ हजार	संघको कार्यालयमा सिसि क्यामेरा जडान प्रयोजनार्थ

समीक्षा अवधिमा ६४औं राष्ट्रिय सहकारी दिवसका अवसरमा शिशुवा सेवाकेन्द्रदेखि बेगनास तालसम्मको क्षेत्रमा एकदिने सरसफाई कार्यक्रम सम्पन्न भएको छ भने जिल्ला सहकारी संघको आव्हानमा सञ्चालन भएको रक्तदान कार्यक्रममा संस्थाको सक्रिय सहभागिता रहेको थियो । यस अवधिमा विभिन्न रोगबाट बिरामी भई अस्पताल भर्ना भएका, मृत्युवरण गरेका तथा प्राकृतिक विपत्तीबाट जनधनको क्षति व्यहोरेका सदस्यहरुलाई विविध राहत समेत प्रदान गरिएको छ ।

११) कोभिड-१९ अवधि र हाम्रो सेवा निरन्तरता :

कोभिड १९ को दोस्रो लहरको अवधिमा संस्थाले महामारीमा सेवा निरन्तरता योजना लागु गरेको छ । कर्मचारीहरुको २ वटा समूह बनाई आलोपालो प्रणाली अवलम्वन गरेको, स्वास्थ्य र सुरक्षाको सम्पूर्ण मापदण्ड अपनाई सेवा प्रवाह गरेको छ, जस अर्न्तगत पर्याप्त मात्रमा सेनिटाईजर, मास्क, पन्जा, पिपिई, फेसशिल्ड, हात धुने आदिको व्यवस्था गरेका छौं । वित्तीय समस्या पर्ने सदस्यहरुलाई उनीहरुको मासिक बचतको ८० प्रतिशत सम्म भुक्तानी दिने व्यवस्था मिलाईएको छ, ऋणमा किस्ता ढिला भए वापत लाग्ने सम्पूर्ण हर्जानाहरु

छुट गरिएको, समय र परिस्थिति बमोजिम व्याजदरमा समायोजन गरिएको छ, बन्दाबन्दी अवधि सम्मको लागि ऋणको भाखा थप गरिएको, कोभिडको कारण सदस्यको स्वास्थ्य र व्यवसायमा परेको असरको बारेमा सदस्यहरुबाट सर्वेक्षण गरिएको छ । यस वर्ष हामीले हेल्लो सदस्य अभियान अर्न्तगत ७६ प्रतिशत सदस्यहरुसंग प्रत्यक्ष टेलिफोन संवाद गरेका छौं । सर्वेक्षणका आधारमा सदस्यहरुलाई परेको प्रभाव विश्लेषण गरेर कोभिड केयर ऋणमा १० लाख सम्मको लागि ८.८८ प्रतिशत र व्यवसाय निरन्तरता ऋण वापत १० लाख देखि १ करोड ५० लाख सम्मका लागि ८.९९ प्रतिशत व्याजदरमा ऋण प्रवाह गरिएको छ । २०औं वार्षिकोत्सवको अवसरमा २० उत्कृष्ट कार्यहरुको भिडियो सार्वजनिक गरिएको, कोरोना सचेतना सम्वन्धी १९ बुंदे सन्देश डिजिटल सामग्री बनाई एस. एम. एस. गरेको, कोभिड अवधिको लागि कर्मचारीहरुको लागि आचारसंहिता निर्माण गरि लागु गरिएको र यस अवधिमा भए गरेका काम कार्वाहीलाई नियमित रुपमा जोखिम व्यवस्थापन कार्यदल र लेखा सुपरिवेक्षण समितिले अनुगमन तथा निरीक्षण गर्ने गरेको छ । यस प्रकारका कार्यले कोभिड महामारी न्यूनीकरण र रोकथाम कार्यमा सहयोग गरेको छ । यस अवधिसम्म कोभिड संक्रमित हुन पुगेको र वीमा गरिएका १० जना सदस्यहरुलाई कोभिड विमा वापतको राहत रकम वितरण गरिएको छ ।

१२) संक्षेपीकरण र धन्यवाद ज्ञापन :

आदरणीय सदस्य महानुभावहरु, समग्रतामा यो वर्ष हाम्रो लागि सामान्य खालको रह्यो । वित्तीय रुपमा हामीले आफ्नो बजेटको लक्ष्य पुरा गरेता पनि महामारी र बन्दाबन्दीका कारण समग्र मानव स्वास्थ्य र वित्तीय बजारमा परेको नकारात्मक प्रभावले हाम्रो वृद्धिदर र सफलताको यात्रामा अवरोध खडा भएको छ । तथापि हामी आफ्नो अभियानबाट हतोत्साहित भएका छैनौं । यो अभियानमा प्रत्यक्ष रुपमा साथ सहयोग गर्ने सम्पूर्ण सदस्यज्यूहरु र कर्मचारी मित्रहरुमा समितिको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छौं । यसरी नै हामीलाई संधै मार्गनिर्देशन गरिरहने नियामक निकाय, लेखा परिक्षक, सहकारी अभियान र हाम्रो सफलतामा सहकार्य गरिरहने संचार माध्यमप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । महामारीको अवधिमा घरभाडामा छुट प्रदान गर्ने घरधनीहरु दुर्लभ थापा, डम्बर कुमारी गुरुङ र पितमबहादुर गुरुङलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सदस्य मित्रहरु, आज हामी इतिहासको अर्को महत्वपूर्ण मोडमा उभिएका छौं । वर्तमान समितिको ५ वर्षे कार्यकाल आजैबाट सकिने र हामीले सदस्यहरुकै समर्थनमा नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन गर्नेछौं । नयाँ कानूनी व्यवस्था बमोजिम अबको समितिको कार्यकाल ४ वर्षको हुनेछ । विगतका अनुभव तथा सिकाईहरुलाई नयाँ नेतृत्वले अवश्य पनि मार्गनिर्देशका रुपमा अंगीकार गर्नेछ । पुराना टिमका साथीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै नयाँ चयन हुने मित्रहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । सहकारी समूह कार्य हो, हामी सबै समूहमा रहेर सम्पूर्ण सदस्यहरुको वित्तीय सुरक्षा र स्वतन्त्रताको लागि सहकार्य गर्दै अगाडि बढिरहने छौं । महामारी अझैपनि हाम्रै वरिपरि घुमिरहेको छ, चालु वर्ष निकै चुनौतिपूर्ण हुनेछ, हाम्रो ध्यान नाफामा भन्दा पनि संस्था र सदस्यलाई स्वस्थ राख्नेमा केन्द्रित हुनेछ । चालु वर्षका रणनीति सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यक्रम तथा बजेट मार्फत जानकारी लिनुहुने नै छ । अन्तमा चालु वर्षमा समेत यहाँहरुको यस्तै साथ र सहयोगको अपेक्षा सहित, प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ॥ जय पोखरा रोयल सहकारी ।

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

२०औं वार्षिक साधारण सभा २०७८
लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री हर्कबहादुर गुरुङद्वारा प्रस्तुत
आ.व.२०७७/०७८ को वार्षिक समीक्षा प्रतिवेदन

सभाका अध्यक्ष ज्यू,

सञ्चालक समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरु एवं उपस्थित समस्त शेयर सदस्य महानुभावहरु, सर्वप्रथम यस संस्थाको २०औ वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु । आज म यस सम्मानित सभामा नियामक निकायले तयार गरेको ढाँचामा लेखा सुपरिवेक्षण समितीको तर्फबाट आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समीक्षा प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

१. सहकारी संस्थाको संक्षिप्त विवरण :

संस्थाको नाम : पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कार्यक्षेत्र : कास्की, स्याँङजा, तनहुँ र लमजुङ जिल्लाभर

ठेगाना : प्रधान कार्यालय : पोखरा महानगरपालिका वडा नं. १० बुद्धचोक कास्की ।

सेवाकेन्द्रहरु :

शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौंडा तनहुँ,

पोखरा महानगरपालिका वडा नं.२९ भण्डारढिक कास्की

पोखरा महानगरपालिका वडा नं. ३०, मोहरिया कास्की ।

मूख्य कारोबार : बचत तथा ऋण

अन्य गतिविधी : विप्रेषण, वीमा, लघुवित्त र सामाजिक गतिविधिहरु

२. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

गत वर्ष मिति २०७७ मंशीर २७ गते सम्पन्न वार्षिक साधारण सभाले गरेको निर्णयहरुको कार्यान्वयन पक्ष राम्रो छ। कोरोना महामारीका बाबजुद पनि संस्थाले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको योगदान उदाहरणीय छ । संस्थाले लक्ष्य बमोजिम वित्तीय प्रगति हासिल गरेको छ । साधारण सभाबाट निर्णय भएबमोजिम ९५१ जना सदस्यहरुको सदस्यता फिर्ता गरिएको छ। बाल बचतकर्ताको नाममा रहेको शेयर रकम निजहरुको अभिभावकको नाममा रकमान्तर गरेको छ। सभाको निर्देशन बमोजिम संस्थाको गतिविधीहरु प्रविधीमैत्री बन्दै गईरहेको पाईन्छ ।

३. आ.व. २०७७/०७८ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

यस अवधिमा सञ्चालक समितिको १३ वटा बैठक, पदाधिकारीको १५ वटा बैठक, समिति उपसमितिको संयुक्त बैठक १ वटा, ऋण उपसमितिको बैठक १८ वटा, उच्च व्यवस्थापनको २४२ वटा बैठक र अन्य उपसमितिहरुको १२ वटा बैठक सम्पन्न भएका छन् । समिति तथा उपसमितिले गरेका अधिकाँश निर्णयहरु समयमा नै कार्यान्वयन भएको छ ।

४. ऋण लगानीको प्रक्रिया, अवस्था, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

संस्थामा प्राप्त निवेदन उपर प्राविधिक, कर्मचारी र ऋण उपसमितिको टोलीले स्थलगत रुपमा धितो तथा परियोजना स्थलको निरीक्षण गरे पश्चात मुल्यांकन प्रतिवेदनका आधारमा सञ्चालक समिति, ऋण

उपसमिति, उच्च व्यवस्थापन र कार्यालय प्रमुखले निर्णय गरि सम्वन्धित कार्यालयबाट धितो वन्धक तथा रोक्का राखी लगानी गरेको छ । संस्थाले हालसम्म लगानी गरेको ऋण घर जग्गा तथा सवारी साधन र बचत निक्षेप खाता रोक्का राखी लगानी गरेको पाईन्छ । विधि र प्रकृया पूरा गरि समूह जमानी र धन जमानतको आधारमा सदस्यहरुलाई लगानी गरिएको सहुलियतपूर्ण बिनाधितो ऋण समेत सुरक्षित र सराहना योग्य छ ।

ऋण शाखाको प्रतिवेदन तथा रेकर्ड बमोजिम यस अवधि सम्ममा ऋण लिने सदस्य १०४४ जना देखिन्छ । यो संख्या भनेको कूल औषत सदस्यमा १६.३१ प्रतिशत हो । सदस्यहरुलाई थप व्यावसायिक बनाउने र ऋण सुविधामा थप पहुँच विस्तार तथा प्रचार प्रसार गर्नुपर्ने देखिन्छ । यस अवधिमा कूल १ अर्ब ३८ करोड ३५ लाख ऋण लगानी भएको छ । तथापि शुद्ध ऋण १ अर्ब ३३ करोड ९८ लाखको हाराहारीमा देखिन्छ । हालको अवस्था विश्लेषण गर्दा कूल ऋण रकम मध्ये २८ जना ऋणी सदस्यको भाखा नाघेको र कूल ऋणमा ६.६३ प्रतिशत भाखा नाघेको ऋण रहेको पाईयो ।

५. यस अवधिमा भएका मुख्य कार्यक्रम तथा गतिविधीहरुको समीक्षा :

समीक्षा अवधिमा कोभिडबाट प्रभावित सदस्यहरुको अवस्था पहिचान गर्न ७६ प्रतिशत सदस्यहरुसंग हेल्लो सदस्य अभियान मार्फत प्रत्यक्ष सम्पर्क गरेको देखियो । मादी गाँउपालिकाको तीन स्थानमा क्यान्सर तथा वित्तीय साक्षरता सम्वन्धी जनचेतना अभियान सञ्चालन गरेको छ । कोभिड अवधिमा प्रयोगमा ल्याईएको क्यु आर कोड प्रविधी, सदस्य तथा कर्मचारीहरुको लागि लागु गरेको आचारसंहिता र सुरक्षा सम्वन्धी मापदण्ड समय सान्दर्भिक छ । २०औं स्थापना दिवसमा तयार गरिएको २० उत्कृष्ठ कामको भिडियो सन्देशमूलक रहेको छ र कोभिड अवधिमा प्रविधी मार्फत बैठक तथा तालिमको सञ्चालनले प्रविधी प्रयोगमा नयाँ अभ्यासको थालनी भएको छ ।

६. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

सहकारी ऐन २०७४, सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५, तथा नियमावली २०७६ र सहकारी विभागबाट जारी गरिएको परिपत्र, निर्देशन, मार्गनिर्देश तथा सूचनाहरुको समयमा नै पालना गरेको पाईयो ।

७. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

संस्थाले सहकारी कार्यालय तथा सहकारी संघहरुले समय समयमा दिईएको निर्देशन तथा सुझावहरुलाई पुर्णरुपमा समयमा नै पालना गरेको पाईन्छ । साथै पालना गरेको विषयहरु सम्वन्धित निकायहरुमा जानकारी गर्ने गरेको समेत पाईयो ।

८. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

यस आ.व.मा संस्थाका पदाधिकारीहरुलाई साधारण सभाको पूर्व निर्णय बमोजिम पारिश्रमिक र बैठक भत्ता वितरण गरिएको छ । अन्य थप सुविधा प्रदान गरिएको छैन ।

९. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

- साधारण सभाबाट पारित मानव संसाधन नीति भए/नभएको : मानव संसाधन नीति २०७६ लागु भएको छ ।

- मानव संसाधन नीति प्रयोगमा ल्याइएको/नल्याइएको : प्रयोगमा ल्याईएको छ ।
- भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : कर्मचारी भर्ना प्रकृया पारदर्शिता र प्रतिष्पर्धी छ । सञ्चालक समितिले ३ जनाको कर्मचारी पदपूर्ति उपसमिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिई, कर्मचारी नियुक्ती प्रदान गर्ने गरेको छ ।
- कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको : कार्यबोझ र तादम्यता मिलेको छ ।
- व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : एम.ए./एम.बि.ए. साथै सहकारी व्यवस्थापनमा दुई दशक बढीको अनुभव रहेको ।
- कर्मचारीहरुको जम्मा संख्या र नियुक्तीको प्रकार :

जम्मा संख्या	करार	अस्थायी	स्थायी
४३	छैन	९	३४

१०. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले लिएका ऋणको विवरण र भाखा नाघेको अवस्था :

समिति/कर्मचारी	सञ्चालक	लेखा सुपरिवेक्षण	सल्लाहकार	उपसमिति	कर्मचारी
जम्मा संख्या	९	३	५	३०	४३
ऋण लिएको	२	१	०	१	१४
भाखा नाघेको संख्या	०	०	०	०	०

११. लेखा समितिले यस अधि दिईएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

लेखा समितिले समय समयमा सञ्चालक समिति मार्फत विभिन्न सुझाबहरु दिइएकोमा ती सुझाबहरुको सहज रुपमा कार्यान्वयन भएको छ । सञ्चालक समिति मार्फत व्यवस्थापन तर्फ दिइएको सुझाबहरु समेत कार्यान्वयन भएको छ ।

१२. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- लेखाको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली अन्तर्गत कोर बैकिङ प्रणालीको माध्यमबाट स्पष्टसँग राखिएको छ ।
- स्थिर सम्पत्तिको मुल्यमा विगतमा जस्तै ह्रासकट्टी गरि खुद बाँकी रकम देखाइएको छ भने लेखा सम्बन्धि शिर्षकहरु लेखा नीति अन्तर्गत रही स्पष्टसंग राखिएको छ ।
- सहकारी सस्थाहरुलाई सहकारी विभागद्वारा जारि सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ । कार्यान्वयन अधिकारीले टिटिआर/एसटिआर प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित निकायमा पठाउने गरेको र हरेक ६/६ महिनामा सञ्चालक समितिमा छलफल गर्ने गरेको छ ।
- सस्थामा रहेका सदस्य मध्ये ९६ प्रतिशत सदस्यको कोपोमिसमा डाटा इन्ट्री भएको र कोपोमिस मार्फत नै प्रतिवेदनहरु पठाउने गरेको पाईयो ।
- अधिकांश सदस्यको सदस्य पहिचान (KYM) फारम भरि व्यवस्थित गरेको पाईयो ।
- सहकारी ऐन, नियमावली र संस्थाको स्वीकृत विनियम बमोजिम कोषहरुको विभाजन गरेको पाईयो ।

- आयकर ऐन बमोजिम संस्थाले बुझाउनु पर्ने सबै प्रकारको करहरु समयमा नै दाखिला गरि ईटिडिएस समेत गरेको छ ।
- आन्तरिक लेखापरिक्षणका क्रममा सोधनी भएका कुराहरुको कर्मचारी व्यवस्थापनबाट स्पष्ट जानकारी पाइयो । प्रधान कार्यालय र सेवाकेन्द्रहरुको अन्तर सम्वन्ध र व्यवस्थापकीय सञ्चालन व्यवस्थित रहेको पाईयो ।
- सञ्चालन बचत भएको रकमलाई बिनियम अनुसार बाँडफाड गरिएको छ र बाँडफाड बाट बाँकी रहेको रकम वर्षको अन्त्यमा साधारण जगेडाकोषमा रकमान्तर गरिएको छ ।
- सञ्चालक समितिले आवश्यकतानुसार लेखा समितिलाई संयुक्त बैठकमा आमन्त्रण गरि आफ्ना राय सुझावहरु प्रस्तुत गर्ने एवं जानकारी लिने अवसर प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छौ ।
- सहकारीले दैनिक कार्य सञ्चालन तथा स्टोरको लेखा राख्ने क्रममा माग फारम, खरिद आदेश, र दाखिला रिपोर्ट आदि जस्ता फारमहरु लाई प्रयोग गरेको छ ।
- कर्मचारी व्यवस्थापनले संस्थाको आर्थिक प्रशासन नियमावली र बजेटको अधिनमा रही खर्च गर्ने गरेको पाईयो ।
- असल ऋण लाई १ प्रतिशत, १ वर्ष सम्म भाखा नाघेको ऋणलाई ३५ प्रतिशत व्यवस्था गरेको पाईयो भने १ वर्ष भन्दा बढी भाखा नाघेको ऋणलाई १०० प्रतिशत ऋण नोक्सानी कोषको व्यवस्था गरेको पाईयो ।
- आर्थिक विवरणहरुको नियमित रुपमा विश्लेषण गरि संस्थाको वित्तीय स्वास्थ्य पहिचान गर्न कर्मचारीले साप्ताहिक, मासिक, त्रैमासिक र वार्षिक रुपमा पर्ल्स विश्लेषण वित्तीय अनुगमन पद्धतीको माध्यमबाट हिसाव जाँच गर्ने गरेको छ ।
- नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.ले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस बिकास (प्रोवेशन) कार्यक्रममा संस्था सरिक भएको र उक्त कार्यक्रमले संस्थागत विकासमा टेवा पुगेको देखिन्छ । आगामी दिनमा प्रोवेशन कार्यक्रममा निरन्तरता दिनु पर्ने देखिन्छ ।
- २०७७/०७८ पर्ल्स विश्लेषण अध्ययन गर्दा संस्थाको प्रगति र कारोबार सन्तोषजनक देखिन्छ ।

१३ लेखा समितिको सुझावहरु :

- वर्तमान महामारीमा नाफामूखी भन्दा पनि सदस्य र कर्मचारीलाई कसरी स्वस्थ राख्ने भन्ने तर्फ ध्यान दिन जरुरी देखिन्छ । सञ्चालक समिति र व्यवस्थापनले सोहि बमोजिम मानव स्वास्थ्य र वित्तीय स्वास्थ्यको अन्तर सम्वन्धमा ध्यान दिन सुझाब दिन चाहन्छौं । तथापि सदस्यहरुको लगानीमा वित्तीय बजार र प्रतिस्पर्धी सहकारीसंगको तुलनात्मक हिसाबले प्रतिफल वितरणमा ध्यान केन्द्रित गर्न उच्च सर्तकताका साथ व्यवस्थापनमा लाग्न सुझाव दिईन्छ ।
- बढ्दो तरलतालाई थप लगानीको क्षेत्र पहिचान गर्दै उत्पादनमूलक क्षेत्रमा संस्थागत लगानी वृद्धि गर्ने, सदस्यहरुको समूह निर्माण गरि सामुहिक लगानीमा जोड दिने, ग्रामीण भेगमा थप लघुकर्जा सेवा पुऱ्याउने जस्ता कार्यक्रम तय गर्न आवश्यक देखिन्छ । संस्थाका महिला सदस्यहरुको समूहबाट सञ्चालित रोयल दिदिबहिनी किचन जस्ता अन्य व्यावसायिक गतिविधी सञ्चालन गर्न र यस्ता

गतिविधीलाई सहकारीको सञ्जालभित्र ल्याउने नीतिगत व्यवस्था ध्यान दिन सञ्चालक समितिलाई आवश्यक योजना बनाउन सुझाव दिईन्छ ।

- महामारीको बीचमा पनि संस्थाको सेवा र सदस्यहरुको व्यवसाय निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने भएकोले व्यवसाय निरन्तरता योजनालाई समय सान्दर्भिक बनाउन सुझाव छ ।
- चार्टर्ड एकाउन्टेन्टले त्रैमासिक रुपमा गर्दै आएको आन्तरिक लेखापरीक्षणले गर्दा संस्थाको लेखा प्रणाली चुस्त र दुरुस्त देखिएकोले यसलाई निरन्तरता दिनु पर्ने देखिन्छ । लेखालाई नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप व्यवस्थित गर्न आवश्यक तयारी तथा रणनीति बनाउन समितिलाई सुझाव प्रदान गरिन्छ ।
- पोखरा रोयल साकोस राष्ट्रिय रुपमा उत्कृष्ट संस्थाको रुपमा दर्ज भएकोले सवै सदस्य ज्युहरुले यसलाई कायम राखि रहन हर तवरले सहयोग गर्नु हुन अनुरोध गरिन्छ । वित्तीय बजार, वित्तीय अवस्था र सदस्यको मागलाई ध्यानमा राख्दै स्वीकृत कार्यक्षेत्रभित्र थप सेवाकेन्द्र विस्तार गर्ने, थप कार्यक्षेत्र बिस्तार गर्ने र एकिकरण अभियानलाई प्राथमिकतामा राख्न सुझाव प्रदान गरिन्छ ।
- संस्थाको गतिविधीलाई स्वतन्त्र रुपमा मुल्यांकन गर्ने सामाजिक परिक्षण तथा कर्मचारीहरुको काम र वातावरणको मुल्यांकन गर्न मानव संसाधन लेखा परिक्षण (H.R. Audit) तथा श्रम परिक्षण गर्न सुझाव दिईन्छ ।

शेयर सदस्य महानुभावहरु,

विषम परिस्थितिमा असंख्य चुनौतीका बाबजुद संस्थाले हासिल गरेका सफलता उदाहरणीय छन् । हामीले सहकारी कानून र संस्थाको विनियमको परिधिभित्र रहेर नियमित रुपमा आन्तरिक लेखा परिक्षण र सुपरिवेक्षणका कामहरु सम्पन्न गरेका छौं । संस्थागत सुशासन कायम गराउने काममा हामीले आफ्नो तर्फबाट सम्पूर्ण कार्य सम्पादन गर्दै आईरहेका छौं । चालु वर्ष थप चुनौतिपूर्ण रहने देखेका छौं । फेरि पनि परिस्थितिको सामना गर्न सम्पूर्ण समिति, उपसमिति, कर्मचारी र शेयर सदस्यहरुले सहकार्य गर्दै प्रतिकुलतालाई अनुकुलतामा बदल्न सक्नेमा हामी विश्वस्त छौं ।

अन्तमा यस काममा सहयोग गर्ने सबैलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी ।

हर्कबहादुर गुरुङ्ग
संयोजक

२०औं वार्षिक साधारण सभा २०७८
सञ्चालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री भीमबहादुर गुरुङद्धारा प्रस्तुत
आ.व.२०७८/०७९ को लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट

२०औं वार्षिक साधारण सभाका श्रद्धेय अध्यक्ष तुलसीप्रसाद गुरुङ ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य ज्यूहरु, सल्लाहकार सदस्य ज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्युहरु, वार्षिक साधारण सभामा उपस्थित प्रतिनिधी सदस्यज्यूहरु, सहकर्मी कर्मचारी मित्रहरु साथै हामीलाई फेसबुक लाईभ र जूम मार्फत प्रत्यक्ष रुपमा आ आफ्नो स्थानबाट हेरिरहनुभएका र सुनिरहनुभएका सम्पूर्ण सदस्य महानुभावहरु ।

सर्वप्रथम यो गरिमामय वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन गर्दै आर्थिक वर्ष २०७८/०७९ को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) पृष्ठभूमि तथा विषय प्रवेश :

विश्वव्यापी महमारीको रुपमा फैलिएको कोरोनाको दोस्रो कहर बीच आज हामीहरु संस्थाको महत्वपूर्ण २० औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । सन् २०१९ बाट शुरु भएको यो महामारीका कारण सन् २०२१ सम्म आईपुग्दा आर्थिक, सामाजिक, राजनैतिक तथा मानवीय रुपमा ठूलो क्षति व्योहोर्न परेको छ । यो विषम परिस्थितिका बावजुद पनि हामीले संस्था, सदस्य र कर्मचारीको भविश्य र स्वास्थ्यको रक्षा गर्दै संस्थाको वित्तीय अवस्थालाई ऋणात्मक हुन नदिन सफल भएका छौं । महामारीलाई अवसरको रुपमा बदल्न हर सम्भव प्रयास गरेका छौं । हामी फेरि पनि भोलिको सुन्दर भविश्यको पर्खाईमा छौं । जस्तो सुकै परिस्थितिमा पनि हामी सदस्यहरुको साथ र सहयोगबाट आफना नियमित गतिविधीलाई पुन सामान्यीकरण गर्दै अगाडि बढिरहेका छौं । हामीलाई विश्वास छ, सहकारी मार्फत हामी आफ्नो वित्तीय आवश्यकताहरु परिपूर्ति गर्दै सामाजिक रुपान्तरण र दिगो विकासको क्षेत्रमा नेपालको अग्रणी सहकारीको रुपमा स्थापित हुनेछौं ।

२) आ.व.२०७७/०७८ को संक्षिप्त समीक्षा :

आर्थिक वर्ष २०७७/०७८ हाम्रो लागि अनुकूल रहेन । महामारीका कारण लामो समय सम्म व्यवसाय, कार्यालय र उधोगधन्दा प्राय बन्द रह्यो । केहि समय आंशिक रुपमा खुलेपनि व्यापार व्यवसायले आफ्नो नियमित लयमा फर्कन सकेन । फलस्वरुप हाम्रा वार्षिक कार्यक्रम तथा बजेट समेत प्रभावित हुन पुग्यो । सदस्य तथा कर्मचारीहरुमा कोरोनाको प्रत्यक्ष असर तथा संक्रमणले मानसिक तनाव सिर्जना भयो । फेरि पनि स्थानीय प्रशासनको आदेश, स्वास्थ्य मापदण्ड र सुरक्षालाई ख्याल गर्दै बाँच र बचाऔंको रणनीतिमा रहेर कर्मचारीहरुले आलोपालो प्रणालीमा सिमित समय कार्यालय सञ्चालन, अभौतिक माध्यमबाट सचेतना तथा मनोसामाजिक परामर्श, अनलाईन भुक्तानी प्रणाली, हेल्लो सदस्य अभियान, डिजिटल साधारण सभा, कोभिडका कारण सदस्यहरुमा परेको असरको बारेमा सर्वेक्षण, सरकार र सहकारी अभियान संगको सहकार्यमा नीतिगत व्यवस्थापन जस्ता कार्यहरु वर्षका सम्झन लायक क्षणहरु रहे । यसैबीचमा संस्थाले प्राप्त गरेको राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनद्धारा प्रदान भएको उत्कृष्ठ सहकारी पुरस्कारले सहकारी अभियानमा निरन्तर अगाडि बढ्ने उर्जा प्राप्त भएको छ । फेरि पनि कोरोनाको कहर, लामो समय सम्मको लकडाउन र हरेक क्षेत्रमा देखिएको मानवीय संवेदनाका कारण हामीले आफ्नो असुली नीतिमा खुकुलो बनाउदै सदस्यको मागमा आधारित रणनीति

अख्तियारी गर्‍यौं । आ.व.को अन्त्यमा सदस्यहरुको सहकार्यले ऋण असुलीमा आएको थोरै तीव्रताले वार्षिक हिसाब मिलान कार्य सकारात्मक विन्दुतिर उक्लन सफल रह्यो ।

३) नीति तथा कार्यक्रमको मूख्य क्षेत्र र प्राथमिकीकरण :

यस वर्षको कार्यक्रम तथा बजेट निम्न नीतिबाट परिलक्षित हुनेछ ।

३.१) महामारीलाई अवसरको रुपमा परिणत गर्ने रणनीतिहरु अख्तियार गरिनेछ। व्यवसाय निरन्तरता योजनालाई समयानुकूल परिमार्जन गरिनेछ। मानव स्वास्थ्यलाई मूख्य प्राथमिकता दिईनेछ, सदस्य र कर्मचारीको स्वास्थ्य र सुरक्षामा विशेष ध्यान केन्द्रित गरिनेछ ।

३.२) नियमित बचत, स्वास्थ्य बचत तथा वीमा बचत जस्ता बचतका सेवाहरुलाई विशेष जोड दिईनेछ

३.३) नेपाल स्तरको प्रोवेसन कार्यक्रमलाई निरन्तरता दिईनेछ, पर्ल्स वित्तीय अनुगमन प्रणाली तथा प्रचलित कानून बमोजिम प्रतिवेदनहरुको वित्तीय सन्तुलन कायम गरिनेछ । लेखालाई नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम व्यवस्थित गर्न आधारशिला तयार गरिनेछ ।

३.४) ऋण लगानीलाई पुर्नसंरचना तथा पुनरुद्धारमा सहजीकरण गरिनेछ भने साना व्यवसाय तथा लघु उधोगहरुमा लगानी प्रवर्द्धन गरिनेछ ।

३.५) संस्थाको हरेक गतिविधिलाई प्रविधीमैत्री बनाईनेछ, सदस्यहरुलाई नियमित रुपमा प्रविधि सम्वन्धी तालिम प्रदान गरिनेछ ।

३.६) सदस्यहरुको लगानीको प्रतिफल ह्रास हुन नदिने अधिकतम प्रयास गरिनेछ । उपलब्ध आर्थिक स्रोतलाई सम्भावित विभिन्न क्षेत्रमा लगानी प्रवर्द्धन गरिनेछ। सदस्यहरुको समूह, अन्तर सहकारी तथा संस्थागत लगानी मार्फत उत्पादन, प्रशोधन, रोजारी सृजना तथा बजारीकरण व्यवसायको लागि अध्ययन गर्ने तथा लगानीको वातावरण मिलाईनेछ ।

३.७) सदस्यको भौगोलिक,पेशागत, लिङ्ग, उमेर समूहका आधारमा वर्गीकरण गरि व्यवस्थित गरिनेछ, भने सदस्यहरुलाई रोयल स्मार्ट कार्डको व्यवस्था गरिनेछ । सदस्य राहत कोषको वृद्धि र यसको परिचालनलाई व्यवस्थित बनाईनेछ ।

३.८) संस्थाको नियमित प्रकासन सहकारी समाचारलाई निरन्तरता दिँदै व्यावसायिक प्रकासनको मोडालिटीमा रुपान्तरण गरिनेछ । सदस्यहरुलाई सहकारी सम्वन्धी थप ज्ञान प्रदान गर्न सदस्य हाते पुस्तिका प्रकासन गरि वितरण गरिनेछ।

३.९) नियमित र अत्यावश्यक खर्च बाहेक अन्य खर्चको शिर्षकमा मितव्ययिता अपनाईनेछ। वार्षिक साधारण सभा तथा अन्य बैठकहरुलाई प्रतिनिधीमूलक र भर्चुअल माध्यमबाट सम्पन्न गरिनेछ।

३.१०) नेपाल सरकार तथा सहकारी अभियान मार्फत प्राप्त निर्देशन र मार्गदर्शनलाई पालना गरिनेछ। सहकारी सिद्धान्त, मूल्य मान्यता तथा आदर्शलाई नीतिगत र व्यावहारिक रुपमा लागु गरिनेछ।

४) प्रस्तावित कार्यक्रम तथा योजना :

४.१) शेयर सदस्य तथा शेयर पूँजी योजना :

आर्थिक वर्षको अन्त्यसम्म सदस्य संख्यामा २० प्रतिशतले वृद्धि गरिनेछ। रु. १० हजारभन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न विशेष प्रोत्साहन गरिनेछ। पर्ल्स सूचकाक बमोजिम कूल सम्पत्तीमा शेयर पूँजीको अनुपातलाई १० प्रतिशतमा नघट्ने गरि कायम गरिनेछ। शेयर सदस्य वृद्धिको लागि युवा तथा महिला समूहमा

कार्यक्रम लक्षित गरिनेछ । ईच्छुक व्यक्तिहरुले संस्थाको सदस्यता लिन अनलाईन विधि मार्फत सदस्यताको आवेदन गर्न सक्ने व्यवस्था मिलाईनेछ ।

४.२) बचत निक्षेप संकलन तथा व्यवस्थापन कार्यक्रम :

कूल सम्पत्ति र बचत निक्षेपको अनुपात पर्ल्स विधि बमोजिम मिलाईनेछ । यस वर्ष बचत निक्षेपमा बढीमा १० प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ । बाल बचत/युवा बचत/वीमा बचत/स्वास्थ्य बचत जस्ता शिर्षकहरुमा जोड दिईनेछ । बजार दर, बैंक वित्तीय संस्था र सहकारीको ब्याजदर र सेवा सुविधा हेरि समय समयमा ब्याजदर परिवर्तन गरिनेछ, बचत तथा ऋणको फरकता दरमा विशेष ध्यान दिईनेछ ।

४.३) ऋण लगानी तथा असुली योजना :

४.३.१.) कूल ऋण लगानीमा १५ प्रतिशतले वृद्धि गरिनेछ । ऋण लगानी र असुलीलाई सहज बनाउन ऋणको तालिका र समयावधिलाई पुर्नसंरचना गरिनेछ । भाखा नाघेका ऋणलाई ५ प्रतिशत भन्दा कम गर्ने र उत्पादनमूलक ऋण लगानीमा जोड दिईनेछ । कोभिडबाट असर पुगेका ऋणी सदस्यहरुलाई पुरानो व्यवसाय पुनरुद्धार गर्नका लागि प्रभाव मुल्यांकन गरि रु.१० लाख सम्मको Covid Assistance Recovery Enterprises (CARE Loan) ऋणलाई निरन्तरता गरिनेछ । सदस्यहरुलाई कोभिड अवधिको ऋणको हर्जाना छुट गरिनेछ भने संस्थामा बढ्दो तरलता व्यवस्थापन गर्नका लागि १ करोड ५० लाख सम्मको व्यवसाय निरन्तरता ऋण शीर्षक मार्फत न्यून ब्याजदरमा लगानी कार्यक्रम सञ्चालन गरिनेछ ।

४.३.२.) प्रकृया पुरा गरि आएको २५ लाख सम्मको ऋणलाई २४ घण्टाभित्रमा प्रवाह गरिनेछ । असुली सहजतालाई ध्यान दिदै मझौला खालको ऋणलाई प्राथमिकता दिने नीति बमोजिम ५० लाख सम्मको ऋण फाईलहरुमा विशेष लगानी केन्द्रित गरिनेछ । सदस्यको आयस्रोत, धितो र आवश्यकता हेरी बढीमा २० वर्ष सम्मको भुक्तानी अवधि निर्धारण गरिनेछ ।

४.३.३.) यस वर्ष थप ५० प्रतिशत ऋणी सदस्यको ऋण सदुपयोगिता जाँच गरिनेछ, प्रतिवेदनको आधारमा उत्पादनमूलक तथा अनुत्पादक ऋणीको वर्गीकरण गरिनेछ । नियमित किस्ता तिर्ने सदस्यलाई तिरेको ब्याजमा ३ प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिईनेछ । भाखा नाघेका ऋणी सदस्यहरुलाई विभिन्न माध्यमबाट असुलीको लागि पर्याप्त समय प्रदान गरिनेछ, संस्थाले दिएको समय वेवास्था गर्ने सदस्यहरुलाई कानुनी दायरमा ल्याई ऋण असुली गरिनेछ ।

४.४) लघुवित्त कार्यक्रम :

सहकारी लघुवित्त कार्यक्रमलाई ग्रामीण महिलाहरुको वित्तीय साझेदार अभियानको रुपमा लगिनेछ । संस्थाको कार्यक्षेत्रभित्रका थप २ स्थानीय तहमा सेवा विस्तार गरिनेछ । यस वर्ष कम्तिमा ६० नयाँ केन्द्र स्थापना गरि ९०० सदस्यता थप गरिनेछ भने उक्त समूहहरु मार्फत ३ करोड ४३ लाख ऋण प्रवाह गरिनेछ । लघुवित्तमा आवद्ध केन्द्र प्रमुखहरुको गोष्ठी गरि अनुभव आदान प्रदान गर्नका साथै लघु ऋण सीमा वृद्धिको लागि आवश्यक रणनीति तयार गरिनेछ । त्यसरी नै नयाँ केन्द्र गठन तथा सहकारी र वित्तीय साक्षरताको लागि थप १२० स्थानमा अभिमूखीकरण गोष्ठी सञ्चालन गरिनेछ ।

४.५) प्रविधीमैत्री सेवा :

संस्थाको हरेक गतिविधिलाई क्रमश क्यासलेस, चेकलेस र पेपरलेस बनाउने आधारशिला तयार गरिनेछ । यस वर्ष थप ५०० जना सदस्यलाई एटिएम र १००० जनालाई मोबाईल बैकिङ्ग सेवामा आवद्ध गराईनेछ । प्रविधिको

भरपुर प्रयोग गरि क्यूआर कोड मार्फत भुक्तानी सेवालाई थप प्रभावकारी बनाईनेछ । सदस्यहरुको विभिन्न व्यावसायिक प्रतिष्ठानहरु संग सहकार्य गर्दै यस वर्ष कम्तिमा १०० स्थानमा संस्थाको क्यूआर कोड प्रविधी जडान गरिनेछ । संस्थाको वेभसाईटलाई समयानूकूल परिमार्जन गरिनेछ भने संस्थाको यूट्यूब अकाउन्ट मार्फत संस्थाको सेवा र विशेषताहरुको प्रचार प्रसार गरिनेछ । यस वर्ष थप अध्ययन गरि सदस्य र संस्थाको आवश्यकता अनुसार थप प्रविधि भित्रयाईनेछ ।

४.६) वीमा तथा सुरक्षा योजना :

सदस्यहरुको सुरक्षित जीवन र बचतको नयाँ क्षेत्र पहिचान गर्न संस्थागत व्यावसायिक सम्झौता मार्फत जीवन तथा निर्जीवन वीमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । लघुवित्त कार्यक्रममा सहभागी सदस्यहरुको रु.३ लाख सम्मको र अन्य ऋण सेवा उपभोग गर्ने सदस्यहरुको लागि बढीमा १० लाख सम्मको जीवन वीमा कार्यक्रममा सहभागी हुन आव्हान सहित कार्यक्रम सञ्चालन गरिनेछ । त्यसरि नै संस्थामा आवद्ध ईच्छुक सदस्यहरुको जीवन तथा निर्जीवन वीमाको लागि संस्थाले आवश्यक सहजीकरणको व्यवस्था गर्नेछ । यसको लागि वीमा सम्वन्धी कार्यविधी निर्माण गरि सो कार्य हेर्ने आवश्यक कर्मचारी र संयन्त्र निर्माण गरिनेछ ।

४.७) विप्रेषण सेवा :

संस्थाबाट प्रदान गरिने रेमिटान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । हाल कायम रहेको विभिन्न रेमिटान्स कम्पनीहरुबाट लिईरहेको सेवामा थप गरि अन्य रेमिटान्स कम्पनीहरु मार्फत समेत कारोबार सम्झौता गरिनेछ । रेमिटान्सबाट भुक्तानी लिने स्थानीयलाई संस्थाको सदस्य बनाउने नीति अख्तियार गरिनेछ । नियमित रुपमा रेमिटान्सको कारोबारमा सहभागी सेवाग्राहीलाई पुरस्कारको कार्यक्रममा सहभागी गराईनेछ । त्यसरी नै अन्तर सहकारी सम्वन्ध मार्फत सम्झौता गरि सदस्यहरुको रकमलाई मुलकभर रकमान्तर गर्न नयाँ प्रणालीको शुरुवात गरिनेछ ।

४.८) क्षमता अभिवृद्धि कार्यक्रम :

४.८.१) कर्मचारीहरुलाई लक्षित गरि विषयगत तालिमहरु सञ्चालन गरिनेछ । नेपाल वित्तीय प्रतिवेदनमान, पर्ल्स विश्लेषण, ऋण व्यवस्थापन, मनोसामाजिक परामर्श, नीतिगत सचेतना, सम्पत्ति शुद्धिकरण, कर व्यवस्थापन, सदस्य हेरचाह, बजारीकरण सीप, स्मार्ट मोबाईल बैकिङ्ग सेवा सञ्चालन, आन्तरिक ज्ञान व्यवस्थापन, वित्तीय साक्षरता जस्ता तालिमहरुलाई प्राथमिकताका साथ सञ्चालन गर्ने व्यवस्था मिलाईछ ।

४.८.२) समिति र उपसमितिलाई लक्षित गरि कम्तिमा ३ वटा तालिम सञ्चालन गरिनेछ । जस अर्न्तगत, पर्ल्स तथा वित्तीय विश्लेषण, नेपाल वित्तीय प्रतिवेदनमान, नेतृत्व विकास, नीति विधी र प्रविधी सम्वन्धी तालिम सञ्चालन गरिनेछ । सदस्यहरुलाई लक्षित गरि कम्तिमा १२ वटा सदस्य शिक्षा तालिमको आयोजना गरिनेछ । लघुवित्त कार्यक्रममा सहभागी सदस्यहरुलाई लक्षित गरि विभिन्न सहयोगी संस्थाहरुको समन्वयमा उत्कृष्ठ ३ वटा केन्द्रमा शीपमूलक तालिम सञ्चालन गरिनेछ ।

४.९) मानव संसाधन व्यवस्थापन कार्यक्रम

४.९.१) नेपाल सरकारले लागु गरेको श्रम ऐन र केन्द्रिय संघहरुले दिएको मार्गनिर्देशन लाई कडाईका साथ पालना गरिनेछ । प्रत्येक कर्मचारीलाई वार्षिक लक्ष्यको आधारमा उपलब्धिको कार्य सम्पादन मुल्यांकन गरिनेछ । भौतिक उपस्थिति तथा भर्चुअल माध्यमबाट कर्मचारीहरुको तालिम, गोष्ठी, सेमीनार र अनुभव आदान प्रदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४.९.२) कर्मचारीको दरवन्दी थप, पदोन्नती, र स्थायी जस्ता नियमित प्रकृया वार्षिक मुल्यांकन आदिको आधारमा कार्यालय प्रमुखको सिफारिसमा सञ्चालक समितिले गर्नेछ । कोभिडको असरलाई मध्यनजर गर्दै यस वर्ष पनि कर्मचारीको तलब भत्ता वृद्धि स्थगित गरिनेछ । कोभिडको बढ्दो प्रभावबाट जनशक्ति व्यवस्थापन र सुरक्षणको लागि हदैसम्मको संरक्षण नीति अवलम्वन गरिनेछ । दैनिक तथा आवधिक रुपमा सदस्य सेवामा खटिने मानव संसाधनको आवश्यकता बमोजिम स्वास्थ्य वीमाको व्यवस्था गरिनेछ ।

४.१०) सामाजिक उत्तरदायित्व :

४.१०.१) सदस्यहरुलाई लक्षित गरि कम्तिमा २ वटा स्वास्थ्य शिबिर र एक रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ । संस्थाको कार्यक्षेत्रभित्रका गरिब जेहेन्दार, दलित तथा कोभिड पिडित विधार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।

४.१०.२) ज्येष्ठ सदस्य सम्मान, पेन्सन वितरण, वर्षको उत्कृष्ठ सदस्य, वर्षको उत्कृष्ठ कर्मचारी आदि पुरस्कारको निरन्तरता गरिनेछ भने महिनाको उत्कृष्ठ सदस्यको रुपमा समेत सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यो कार्यलाई हरेक सेवाकेन्द्र मातहतसम्म पुऱ्याईनेछ । त्रैमाशिक रुपमा कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन गरि "हिरो अफ द क्वाटर" अवार्डबाट पुरस्कृत गरिनेछ । लघुवित्त कार्यक्रममा उत्कृष्ठ ३ वटा केन्द्रलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

४.१०.३) कोभिडबाट प्रत्यक्ष असर परेका सदस्यहरुको अद्यावधिक विवरण राखिनेछ । कोभिड विरुद्धको खोप तथा स्वास्थ्य उपचार कार्यको लागि सरकार संग आवश्यक सहजीकरण गरिनेछ । जोखिम तथा प्रभावको अध्ययन गरि अप्ठ्यारोमा परेका सदस्यहरुलाई ब्याज छुट, हर्जाना मिनाहा, किस्ताको अवधि थप, ऋणको पुनरतालिकीकरण र मासिक किस्ताको अवधि थप जस्ता कार्यहरुमा सहजीकरण गरिनेछ ।

४.११) व्यावसायिक सहकार्यका योजना :

ग्रामीण तथा शहरी क्षेत्रमा रहेका कृषक सदस्यहरुलाई तरकारी, फलफूल तथा जडीबुटीको मौसम अनुसारको गुणस्तरीय बिउ विजन उपलब्ध गराईनेछ । जसको लागि सहयोगी निकायहरुसंग समन्वय गरिनेछ । विभिन्न अस्पताल, होटल,सेवा व्यवसाय तथा व्यापारिक प्रतिष्ठानहरुसंग सम्झौता गरि सदस्यहरुलाई डिस्काउन्ट कार्डको व्यवस्था गरिनेछ ।

४.१२) नीतिगत सुधारको कार्यक्रम :

महामारीमा संस्थाको सेवा निरन्तरता सम्वन्धी नीतिलाई आवश्यकता बमोजिम परिमार्जन गरि लागु गरिनेछ । संस्थाका विद्यमान नीति, निर्देशिका र कार्यविधि संगालोलाई समयानुकुल संशोधन र थप गर्दै लगिनेछ । नेपाल वित्तीय प्रतिवेदनमान नीति, वीमा सेवा नीति तथा व्यवसाय सञ्चालन नीति जस्ता कानूनको निर्माण गरिनेछ । सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम संस्थामा भएका कारोबारहरुलाई जोखिमको आधारमा वर्गीकरण गर्ने व्यवस्था मिलाईनेछ । सदस्य पहिचान फारम र कोपोमिसको विवरणहरु अध्यावधिक गरनेछ । संस्थागत सुशासन कायम गर्ने कार्यका लागि आन्तरिक तथा बाह्य लेखापरिक्षण कार्यलाई थप व्यवस्थित गरिनेछ ।

४.१३) सहकारी अभियानको विस्तार र अन्तरसहकारी कार्यक्रम :

४.१३.१) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी दिवसहरुको अवसरमा अन्तरसहकारी सम्वन्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ । काठमाडौमा रहेको चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड संगको सम्बन्धलाई

थप प्रभावकारी बनाई अनुभव आदान प्रदानलाई निरन्तरता दिईनेछ । यस वर्ष चन्द्रागिरी साकोस सँगको सहकार्यमा २ वटा कार्यहरु संचालन गरिनेछ । यो अनुभवलाई अन्य जिल्लाका सहकारीसंग पनि सम्वन्ध कायम गर्न अध्ययन गरिनेछ ।

४.१३.२) सहकारीका जिल्ला, प्रदेश, केन्द्र र राष्ट्रिय तथा अन्र्तराष्ट्रिय स्तरका संघ संस्था र अन्य संस्थासंग सहकार्य गरिनेछ भने नियामक निकायसंगको सम्वन्ध थप प्रगाढ बनाईनेछ । नेफ्स्कून र राष्ट्रिय सहकारी बैकले सञ्चालन गर्ने हरेक गतिविधीमा सक्रियताका साथ सहभागिता जनाईनेछ ।

४.१३.३) सम्भावित सहकारी संस्थाहरुसंग एकिकरणको लागि अन्तरक्रिया तथा छलफल जारी राखिनेछ । यसको लागि एकिकरण कार्यदल बनाईनेछ । एकिकरण अभियानमा खासगरि कास्कीको ग्रामीण भेग र तनहुँ, लमजुङ्ग र स्याँङ्गजा जिल्लाका सहकारी संस्थाहरुलाई प्राथमिकता दिईनेछ । सदस्यहरुको माग बमोजिम सदस्य सेवाकेन्द्रको स्थापना र सञ्चालन गरिनेछ भने गण्डकी प्रदेश भरी कार्यक्षेत्र विस्तारको लागि सम्बन्धित कार्यालयमा माग गरिनेछ।

४.१४) प्रकाशन तथा प्रशारण :

यस वर्ष कम्तिमा २ वटा सहकारी बुलेटिन प्रकासन गरिनेछ । सहकारी बुलेटिनको प्रकासनलाई क्रमश अनलाईन न्यूजको रुपमा विकास गरिनेछ । संस्थाको बृत्तचित्रलाई समयानुकूल परिमार्जन गरिनेछ । ब्रोसर, बुलेटिन, पत्रचार, बल्क म्यासेज, फ्लेक्स वोर्ड, सूचना पाटी, वेभसाईट तथा सामाजिक सञ्जाल मार्फत संस्थाको सेवा र वस्तुहरुको प्रचार प्रसार कार्यलाई तीव्रता दिइनेछ ।

४.१५) दिगो विकास लक्ष्य प्राप्तिमा हाम्रो सहकार्य :

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा विश्व रुपान्तरणको लागि घोषणा गरेको १७ वटा महत्वकाँक्षी लक्ष्य प्राप्तीको लागि संस्थाले विशिष्ट कार्यक्रम तयार गरि सरोकार वाला निकायहरुको सहकार्यमा लक्षित वर्गसम्म पुर्‍याईनेछ । खासगरि समतामूलक समाज निर्माण, गरिबीको अन्त्य, दिगो कृषि, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ ईन्धन, वातावरण, भयमुक्त कार्यस्थल, लैगिक समानता जस्ता विषयहरुमा काम गर्न दातृ निकाय, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा राष्ट्रिय सहकारी महासंघसंग सहकार्य गरिनेछ भने उक्त कार्यक्रमहरुमा भएका सहभागिता, अनुगमन, प्रभाव र नतीजाको सर्भेक्षण गरि प्रतिवेदन तयार गरिनेछ ।

४.१६) व्यवसाय निरन्तरता योजना :

महामारीका अवस्थामा समेत सहकारीको सेवा तथा व्यवसायलाई निरन्तर रुपमा सञ्चालन गरिरहन रणनीतिक योजना तथा व्यवसाय निरन्तरता योजनालाई समयानूकूल परिमार्जन गरि लागु गरिनेछ । नेपाल सरकार र केन्द्रिय संघहरुले जारी गरेको मार्गदर्शन बमोजिम कर्मचारी परिचालन र कार्यालयको भौतिक अवस्थाको व्यवस्थापन गरिनेछ । स्वास्थ्य तथा सुरक्षाको मापदण्डको पालना, वर्क फ्रम होम, अनलाइन कारोबार, आलोपालो प्रणाली र दिगो कोष निर्माण जस्ता कार्यहरुको लागि विशेष ध्यान केन्द्रित गरिनेछ ।

५) बजेटको प्राथमिकीकरण :

५.१) यस आ.व.को बजेट गतवर्षको प्रस्तावित बजेट, बास्तविक प्रगति, यसको असर र प्रभाव साथै वर्तमान वित्तीय बजार, सरकारको नीति र सदस्यहरुको मागको आधारमा तयार गरिएको छ ।

५.२) महामारीका कारण बन्द व्यापार, उधोग धन्दा, निर्माण, सेवा उधोगहरु नियमित रुपमा सञ्चान हुने कठिन प्राय देखिएकोले पुरानो व्यवसाय पुनरुद्धार, स-साना उधोग, कृषि तथा घरायसी परियोजनाहरुमा लक्षित बजेट

निर्माणमा ध्यान दिईएको छ ।

५.३) अनावश्यक खर्चलाई न्यूनीकरण गर्दै अत्यावश्यक शिर्षकहरुमा मात्र बजेटको प्राथमिकीकरण गरिएको छ । कूल आम्दानी तथा खर्च शिर्षकहरुमा न्यून अंकको मात्र वृद्धि गरिएको छ ।

५.४) मानव संसाधन खर्च तर्फ तलब तथा भत्तामा वृद्धि नभएता पनि कर्मचारी थप, नियमित पदोन्नती, स्थायी, ग्रेड र उपदान सुविधाका कारण केहि शिर्षकहरुका फरक पर्नेछ ।

५.५) वार्षिक नियमित शिर्षक अर्न्तगत वार्षिक साधारण सभा खर्च, लेखापरिक्षण खर्च र सञ्चार तथा प्रविधि खर्चको शिर्षकमा बजेट वृद्धि गरिएको छ ।

६) आ.व. २०७७/०७८ को बजेट समीक्षा र २०७८/०७९ को अनुमानित बजेट

आम्दानी तर्फ			रू हजारमा		
क्र.स.	शिर्षक		आ.व. ०७७/०७८ अनुमानित	आ.व. ०७७/०७८ वास्तविक	आ.व. ०७८/०७९ अनुमानित
१	व्याज आम्दानी		१९५,०००	१९७,५११	२०२,०४७
	१.१	ऋण लगानी	१८०,०००	१७६,२६८.००	१७७,०००
	१.२	हर्जना व्याज	–	५१७.००	–
	१.३	बैंक तथा वित्तिय संस्था	१५,०००	२०,७२६.००	१५,०४७
२	अन्य आम्दानी		१११२९	१५,५९२	९०८१
	२.१	प्रवेश शुल्क	७५	७९	७५
	२.२	निवेदन दस्तुर	२००	१७६	२००
	२.३	व्यवस्थापन शुल्क	६,०००	६,३४१	६,०००
	२.४	कमिशन (विमा/रेमिटान्स)	७००	७०९	७००
	२.५	घरभाडा	५१४	५१४	५२८
	२.६	लाभांश	४००	५०३	५५०
	२.७	मोवाईल एवं एस एम एस वैंकिङ्ग	२५	२५	१००
	२.८	प्रविधि/डेविट कार्ड	१६०	१४८	१८०
	२.९	अन्य/विविध कर्मचारी वोनस	२,९५५	३,१७४	६४८
	२.१०	अन्य/विविध	१००	३,९२३	१००
कुल आम्दानी			२०६,१२९	२१३,१०३	२११,१२८

खर्च तर्फ | रू हजारमा

क्र.स.	शिर्षक		आ.व. ०७७/०७८ अनुमानित	आ.व. ०७७/०७८ वास्तविक	आ.व. ०७८/०७९ अनुमानित
१	व्याज (वित्तिय) खर्च		१२०,०७०	११८,८६५	११४,४३३
	१.१	वचत/निक्षेपको व्याज	११९,९७०	११८,८४२	११४,४३३
	१.२	वाह्य ऋणको व्याज	१००	२३	–
२	कर्मचारी खर्च		२५,४८१	२९,५३८	२८,०१४
	२.१	तलव	१३,३२०	१३,३७८	१४,५३२
	२.२	ग्रेड	७८०	८०३	१,०५८
	२.३	सञ्चयकोष	१,४१०	१,४१८	१,५५९
	२.४	विशेष भत्ता	३,७००	३,६६८	३,९००
	२.५	चाडपर्व भत्ता	१,१४६	१,१४५	१,२६७
	२.६	पोशाक भत्ता	९००	१,०६३	१,१२५
	२.७	औषधोपचार भत्ता	१,१७५	१,१८१	१,३००
	२.८	संचित विदा भत्ता	१,०००	१,०३९	१,१०८
	२.९	कर्मचारी प्रोत्साहन	१५	१५	१५
	२.१०	उपदान	१,३१०	५,२६४	१,६५०
	२.११	व्यवस्थापन प्रशिक्षार्थी	७२५	५६४	५००
३	प्रशासनिक खर्च		१८,५७८	१८,१२६	१८,६८१
३.१	कार्यालय सञ्चालन खर्च		६,२५७	४,४९०	५,९९६

	३.१.१	पानी	१००	७१	१००
	३.१.२	विद्युत	९००	४८०	८००
	३.१.३	घर भाडा	१,१००	१,००३	१,२५०
	३.१.४	दर्ता नविकरण	१५०	१०८	१५०
	३.१.५	पत्रपत्रिका	२५	१३	२५
	३.१.६	ईन्धन	३००	२९२	३८०
	३.१.७	चिया चिसो	२००	६४	१५०
	३.१.८	कार्यालय/मसलन्द	३५०	१९९	३२५
	३.१.९	अतिथि सत्कार	१५०	२९	१००
	३.१.१०	सुचना/शुभकामना/समवेदना	१५०	११६	१५०
	३.१.११	विमा	४५०	४०९	५००
	३.१.१२	सरसफाई	३००	२५४	३००
	३.१.१३	आपतकालिन	५०	–	५०
	३.१.१४	कार्यालय सुरक्षा	१,०३२	८७९	८१६
	३.१.१५	छपाई स्टेशनरी	७००	३९०	५००
	३.१.१६	स्टेशनरी सामान	२००	१५७	३००
	३.१.१७	अन्य/विविध	१००	२६	१००
३.२	व्यवसाय प्रवर्द्धन खर्च		३,२५०	४७५	१,७००
	३.२.१	व्यापार प्रर्वद्धन	१००	९३	३००
	३.२.२	सामुदायिक सेवा	२००	१५	१००
	३.२.३	अध्ययन अवलोकन भ्रमण	१००	–	१००
	३.२.४	खाताबन्दी	१००	–	१००
	३.२.५	दैनिक भ्रमण भत्ता	३००	१७३	३००
	३.२.६	तालिम	१००	४४	१००
	३.२.७	ब्रान्डिङ्ग	१००	१५०	२००
	३.२.८	प्राविधिक	१००	–	४००
	३.२.९	प्रकाशन	१५०	–	१००
	३.२.१०	व्याज छुट (रिवेट)	२,०००	–	–

३.३	सञ्चार एवं प्रविधि खर्च		१७५०	१,५८५	२०८५
	३.३.१	टेलिफोन	३५०	३४६	४००
	३.३.२	ईन्टरनेट र इन्ट्रानेट	३५०	३०७	३५०
	३.३.३	सुचना प्रविधि	५००	४९४	५००
	३.३.४	एटिएम कारोवार खर्च	१००	४२	६०
	३.३.५	स्मार्ट बैकिङ्ग	५०	–	१७५
	३.३.६	डेबिट कार्ड	१००	१२७	२००
	३.३.७	सफ्टवयर	३००	२६९	४००
३.४	वार्षिक नियमित खर्च		५५३६	९,७६९	७१००
	३.४.१	साधारण सभा	२,२००	५३०	३,५००
	३.४.२	वार्षिकोत्सव तथा शुभारम्भ	१००	–	१००
	३.४.३	ह्रास कट्टी	३,१००	२,९६९	३,२००
	३.४.४	आन्तरिक लेखा परीक्षण	०	–	१५०
	३.४.५	लेखापरीक्षण	१३६	१३६	१५०
	३.४.६	सम्पत्ति अपलेखन	०	–	–
	३.४.७	ऋण सुरक्षण कोष	०	६,१३४	–
३.५	मर्मत सम्भार खर्च		५६५	७८८	५५०
	३.५.१	मर्मत सम्भार कम्प्युटर सामान	१००	९७	१००
	३.५.२	मर्मत सम्भार लिजहोल्ड	१००	११९	१००
	३.५.३	मर्मत सम्भार भवन	१००	२९५	१००
	३.५.४	मर्मत सम्भार सवारी साधन	११५	७४	१००
	३.५.५	मर्मत सम्भार कार्यालय सामान	५०	११८	५०
	३.५.६	मर्मत सम्भार एयर कन्डिसन	५०	४०	५०
	३.५.७	मर्मत सम्भार विविध	५०	४५	५०
३.६	वैठक सञ्चालन खर्च		१२२०	१,०१९	१२५०
	३.६.१	वैठक भत्ता	६००	४३४	१,०००
	३.६.२	यातायात भत्ता	३००	२८८	५०
	३.६.३	पत्रपत्रिका भत्ता	६०	६०	०
	३.६.४	सञ्चार भत्ता	१२०	१२०	५०
	३.६.५	कानुनी सल्लाहकार भत्ता	९०	९०	१००
	३.६.६	अन्य भत्ता	५०	२७	५०

जम्मा खर्च	१६४,१२९	१६६,५२९	१६१,१२८
जम्मा आम्दानी	२०६,१२९	२१३,१०३	२११,१२८
जम्मा खर्च	१६४,१२९	१६६,५२९	१६१,१२८
सञ्चालन बचत (नाफा)	४२,०००	४६,५७४	५०,०००

७) संक्षेपीकरण तथा धन्यवाद ज्ञापन :

७.१) नीति तथा कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक समीक्षा गरिनेछ। समिति उपसमिति र कर्मचारी बीच नियमित रुपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ। सेवाकेन्द्र तथा विभागीय प्रमुखहरुको त्रैमासिक समीक्षा गोष्ठी सञ्चालन गरिनेछ।
७.२) दिगो सहकारी निर्माणको लागि जगेडा कोष तथा अन्य कोष वृद्धि गरिनेछ, सदस्य राहत कोषलाई व्यव्यस्थित रुपमा संचालन गरिनेछ, ऋण सुरक्षण कोषमा नियमानुसार व्यवस्था गरिनेछ। सदस्यहरुको लगानीमा प्रतिस्पर्धी रुपमा लाभांश प्रदान गर्न र बचत तथा ऋण कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोष वितरण गरिनेछ।
७.३) संस्थाले आर्जन गरेको उत्कृष्ठ छवीलाई सदैव जोगाई राख्न विशेष सर्तकताका साथ कार्य सम्पादन गरिनेछ। संस्थालाई समुदायको पहिलो रोजाईको सहकारीको रुपमा विकास गरिनेछ। संस्थाको हरेक गतिविधी नीतिगत सर्वोच्चताको आधारमा संचालन गरिनेछ।
अध्यक्ष ज्यू, प्रतिनिधी सदस्य ज्यूहरु, हामी माझ थुप्रै चुनौतिहरु देखिएका छन्। दुई दशकको यस अवधिमा हामीले यस्ता धेरै चुनौतीहरुलाई सामुहिक रुपमा समाधान गर्दै आएका छौं। आशा छ, सबैको सहकार्य र समन्वयबाट हामी पुन सामान्य अवस्थामा पुग्नेछौं। सहकारी एउटा नियमित र सामुहिक यात्रा हो, यो यात्रामा यो २ दशकमा धेरै अग्रजहरुको सहकार्य रहेको छ। आज नै यो यात्रालाई पुन थप उचाईमा पुऱ्याउन नयाँ अग्रजहरुको टिमले नेतृत्व गर्दैछ। नयाँ जोश र जाँगर भएका सहकर्मीहरुको साथले हामी अझ नयाँ ईतिहास निर्माण गर्न सफल हुनेछौं। अन्तमा यो विषम परिस्थितिमा पनि आफ्नो कर्तव्यलाई शीरमा राखी सदस्य सेवामा अहोरात्र खटिने मेरा सहकर्मी कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु। नियामक निकाय, सहकारी अभियानका सबै सहयोगी मित्रहरु, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्य ज्यूहरु, सल्लाहकार र विभिन्न उपसमितिका सदस्य मित्रहरु, संचार जगत र सम्पूर्ण सदस्यहज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै यो कार्यक्रम तथा बजेट पारित गरिदिन हुन प्रस्ताव गर्दछु।
धन्यवाद। जय सहकारी। जय पोखरा रोयल सहकारी।

भीमबहादुर गुरुङ
प्रमुख कार्यकारी अधिकृत

Raj Kumar Phuyal
Membership No.893, COP No.688, Firm No.591

Mob No. 9851203839
PAN NO: 603766271

R. K. PHUYAL & ASSOCIATES

Chartered Accountants
Member of the Institute of Chartered Accountants of Nepal (ICAN)

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न **पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** ३१ असार २०७८ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ । सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्धेश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन

सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शंका उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौ । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

मन्तव्य

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छैन ।

ग) घरजग्गा खरिद कर्जामा खरिद मुल्यको ४० प्रतिशत मात्र ऋण लगानी गर्नुपर्नेमा जग्गाको समेत मुल्यांकन गरि लगानी गरिएको भेटियो ।

घ) संस्थाले सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्था अनुसार सदस्यहरुको कारोवार जोखिम समेत वर्गिकरण गर्नुपर्ने देखिन्छ ।

ङ) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

च) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

सिए. राजकुमार फुयाल
प्रोप्राइटर

R.K. Phuyal & Associates Chartered Accountants Kathmandu

मिति : २०७८।०४।२४ गते
स्थान : बुद्धचोक, पोखरा, कास्की ।

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

UDIN : 210822CA00893aPJqk

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की

वित्तीय अवस्थाको विवरण (वासलात)

२०७८ साल असार मसान्त

विवरण	टिप्पणी	यस वर्ष	गत वर्ष
सम्पत्ति			
नगद तथा बैंक मौज्दात	४	३२४,७७८,४००.१०	३३०,६२५,८७७.४५
लगानी हिसाब	५	२५३,३९१,५५४.१९	२,८१८,७६३.४६
सदस्यलाई दिएको ऋण सापटी	६	१,३८३,५९९,१०१.७०	१,४५५,८५५,४०७.१६
सम्पत्ति तथा उपकरण	७	३०,०८१,४३५.२३	३२,१९०,६३५.८७
अन्य सम्पत्तिहरु	८	९,५१६,३२२.६५	१०,४१२,१८४.९८
स्थगन कर सम्पत्ति		-	-
कुल सम्पत्ति		**२,००१,३६६,८१३.८७**	**१,८३१,९०२,८६८.९२**
दायित्व			
तिर्न बाँकी बाह्य ऋण	९	-	१,०४४,२४२.२०
सदस्यबाट संकलन गरेको निक्षेप	१०	१,४७७,३९२,६७३.८७	१,३२०,५५६,३८५.५२
आयकर दायित्व	११	४,७१०,२०८.७९	६,१०५,३२७.८०
कर्जा नोक्सानी व्यवस्था	१२	५६,९५७,१२१.८७	५०,८२२,८६५.००
अन्य दायित्वहरु	१३	९४,४४२,४४३.१२	९३,९६१,८३७.१०
जम्मा दायित्वहरु		**१,६३३,५०२,४४७.६५**	**१,४७२,४९०,६५७.६२**
इक्विटी			
शेयर पूँजी	१४	२०२,४८१,८००.००	१९८,७१९,३००.००
जगेडा कोष तथा अन्य कोषहरु	१५	१६५,३८२,५६६.२२	१६०,६९२,९११.३०
कुल पूँजी		**३६७,८६४,३६६.२२**	**३५९,४१२,२११.३०**
कुल पूँजी तथा दायित्व		**२,००१,३६६,८१३.८७**	**१,८३१,९०२,८६८.९२**

मिति : २४/०४/२०७८
स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अभिषेक गुरुङ्ग
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
कोषाध्यक्ष

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

सिए. राजकुमार फुयाल
प्रोप्राइटर
आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की

नाफा वा नोक्सान विवरण

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

विवरण	टिप्पणी	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	१६	१९६,९९४,५४४.४८	२१३,६५६,२८४.९३
ब्याज खर्च	१७	११८,८४२,५८६.०६	११९,९२६,६९२.२२
खुद ब्याज आम्दानी		**७८,१५१,९५८.४२**	**९३,७२९,५९२.७१**
अन्य सञ्चालन आम्दानी	१८	१६,१०८,७८६.२९	६,६०४,३६१.१७
कुल सञ्चालन आम्दानी		**९४,२६०,७४४.७१**	**१००,३३३,९५३.८८**
कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	१२	६,१३४,२५६.८७	(१०,९७७,७३५.३५)
खुद सञ्चालन आम्दानी		**८८,१२६,४८७.८४**	**१११,३११,६८९.२३**
सञ्चालन खर्च			
कर्मचारी खर्च	१९	२८,९७४,३३७.००	२१,८९८,९११.००
प्रशासनिक खर्च	२०	९,६०८,४३५.१९	१७,४१९,९६२.८७
ह्रासकट्टि खर्च	७	२,९६९,१८७.६४	३,६१२,६९९.८९
सञ्चालन नाफा		**४६,५७४,५२८.०१**	**६८,३८०,११५.४७**
गैर सञ्चालन आम्दानी	२१	-	-
गैर सञ्चालन खर्च	२२	-	-
शिशुवा महिला साकोसबाट रकमान्तर भएको		-	२५६,६८७.१८
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा		**४६,५७४,५२८.०१**	**६८,६३६,८०२.६५**
कर्मचारी बोनस खर्च		४,२३४,०४८.००	६,२३९,७०९.३३
आयकर अघिको नाफा		**४२,३४०,४८०.०१**	**६२,३९७,०९३.३२**
आयकर खर्च	११		
चालु आयकर		४,७१०,२०८.७९	६,१०५,३२७.८०
स्थगन कर आम्दानी/खर्च		-	-
खुद नाफा/(नोक्सान)		**३७,६३०,२७१.२२**	**५६,२९१,७६५.५२**

मिति : २४/०४/२०७८
स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अभिषेक गुरुङ्ग
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

सिए. राजकुमार फुयाल
प्रोप्राइटर

केशव प्रसाद ढकाल
कोषाध्यक्ष

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

ROYAL

R.K. Phuyal & Associates, Kathmandu, Chartered Accountants

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की

नगद प्रवाह विवरण

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

विवरण	यस वर्षको	गत वर्षको
कारोबार सञ्चालनबाट भएको नगद प्रवाह		
आयकर व्यवस्था पछिको खुद नाफा	३७,६३०,२७१.२२	५६,२९१,७६५.५२
ह्रासकट्टि खर्च	२,९६९,१८७.६४	३,६१२,६९९.८९
	४०,५९९,४५८.८६	**५९,९०४,४६५.४१**
सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)		
सदस्यबाट निक्षेपमा वृद्धि/(कमि)	१५६,८३६,२८८.३५	१०६,६१३,६००.७२
अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि)	(९१४,५१२.९९)	(४,४२७,४१४.३८)
सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि	७२,२५६,३०५.४६	(२०८,२२०,७५२.६७)
अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि	८९५,८६२.३३	२,३७७,२८७.७२
ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि)	६,१३४,२५६.८७	(१०,२३३,९६७.८५)
कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)	**२७५,८०७,६५८.८८**	**(५३,९८६,७८१.०५)**
लगानीबाट भएको नगद प्रवाह		
लगानीमा कमी/(वृद्धि)	(२५०,५७२,७९०.७३)	९९,८३६,८३०.३१
स्थिर सम्पत्ति (खरिद)/बिक्री	(८५९,९८७.००)	(९,३८९,९३९.००)
लगानीबाट खुद नगद प्रवाह (ख)	**(२५१,४३२,७७७.७३)**	**९०,४४६,८९१.३१**
वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
शेयर पूँजीमा वृद्धि	३,७६२,५००.००	१२,८६५,०००.००
बाह्य ऋणमा वृद्धि/(कमि)	(१,०४४,२४२.२०)	१,०४४,२४२.२०
कोषहरुका वितरण समायोजन	(३२,९४०,६१६.३०)	(३०,९९६,३८४.४५)
वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)	**(३०,२२२,३५८.५०)**	**(१७,०८७,१४२.२५)**
यस अवधिको खुद नगद प्रवाह (क+ख+ग)	**(५,८४७,४७७.३५)**	**१९,३७२,९६८.०१**
नगद तथा बैंकको शुरुवाती मौज्दात	३३०,६२५,८७७.४५	३११,२५२,९०९.४५
नगद तथा बैंकको अन्तिम मौज्दात	**३२४,७७८,४००.१०**	**३३०,६२५,८७७.४५**

मिति : २४/०४/२०७८

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अभिषेक गुरुङ्ग
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
कोषाध्यक्ष

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

सिए. राजकुमार फुयाल
प्रोप्राइटर
आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की

नाफाको बाँडफाँड हिसाव

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

विवरण	प्रतिशत	यस वर्षको	गत वर्षको
यस वर्षको मूनाफा		३७,६३०,२७१.२२	५६,२९१,७६५.५२
साधारण जगेडा कोष	२५	९,४०७,५६७.८१	१४,०७२,९४१.३८
संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा		**२८,२२२,७०३.४२**	**४२,२१८,८२४.१४**
बाँडफाँड			
संरक्षित पूँजी फिर्ता कोष	२५	७,०५५,६७५.८५	१०,५५४,७०६.०४
सहकारी प्रर्वद्धन कोष	०.५	१४१,११३.५२	२११,०९४.१२
अन्य कोषमा बाँडफाँड अगाडीको नाफा		**२१,०२५,९१४.०५**	**३१,४५३,०२३.९८**
अन्य कोषको बाँडफाँड			
शेयर लाभांश कोष	७०	१४,७१८,१३९.८३	२२,०१७,११६.७९
सहकारी शिक्षा कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
सहकारी विकास कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
सामुदायिक विकास कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
घाटापूर्ति कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
स्थिरीकरण कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
अन्य जोखिम व्यवस्थापन कोष	५	१,०५१,२९५.७०	१,५७२,६५१.२०
जम्मा	**१००**	**२१,०२५,९१४.०५**	**३१,४५३,०२३.९८**

मिति : २४/०४/२०७८

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अभिषेक गुरुङ्ग
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
कोषाध्यक्ष

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

सिए. राजकुमार फुयाल
प्रोप्राइटर
आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

विवरण	शेयर पूँजी	साधरण जगेडा कोष	अन्य कोष	जम्मा
१ श्रावण, २०७६ सालको मौज्दात	१८५,८५४,३००.००	९३,७९४,९४१.७३	४१,६०२,५८८.५०	३२१,२५१,८३०.२३
समायोजन	-	-	-	-
१ श्रावण, २०७६ सालको समायोजित मौज्दात	१८५,८५४,३००.००	९३,७९४,९४१.७३	४१,६०२,५८८.५०	३२१,२५१,८३०.२३
यस वर्षको आय विवरणबाट	-	१४,०७२,९४१.३८	४२,२१८,८२४.१४	५६,२९१,७६५.५२
कोष समायोजन	-	१०,६०६,२०४.०५	(४१,६०२,५८८.५०)	(३०,९९६,३८४.४५)
शेयर पूँजीमा वृद्धि/(कमी)	१२,८६५,०००.००			१२,८६५,०००.००
३१ असार, २०७७ सम्मको मौज्दात	१९८,७१९,३००.००	११८,४७४,०८७.१६	४२,२१८,८२४.१४	३५९,४१२,२११.३०
१ श्रावण , २०७७ सालको मौज्दात	१९८,७१९,३००.००	११८,४७४,०८७.१६	४२,२१८,८२४.१४	३५९,४१२,२११.३०
समायोजन	-	-	-	-
१ श्रावण, २०७७ सालको समायोजित मौज्दात	१९८,७१९,३००.००	११८,४७४,०८७.१६	४२,२१८,८२४.१४	३५९,४१२,२११.३०
यस वर्षको आय विवरणबाट	-	९,४०७,५६७.८१	२८,२२२,७०३.४२	३७,६३०,२७१.२२
कोष समायोजन	-	९,०६७,११३.७२	(४२,००७,७३०.०२)	(३२,९४०,६१६.३०)
शेयर पूँजीमा वृद्धि/(कमी)	३,७६२,५००.००	-	-	३,७६२,५००.००
३१ असार, २०७८ सम्मको मौज्दात	२०२,४८१,८००.००	१३६,९४८,७६८.६९	२८,४३३,७९७.५४	३६७,८६४,३६६.२२

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अभिषेक गुरुङ्ग
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
कोषाध्यक्ष

तुलसी प्रसाद गुरुङ्ग
अध्यक्ष

सिए. राजकुमार फुयाल
प्रोप्राइटर
आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा महानगरपालिका वार्ड नं-१०, बुद्धचोक, कास्की
वित्तीय विवरण सम्बन्धि टिप्पणीहरु

१ संस्थाको परिचय :

श्री पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड वि.सं. २०५९ जेठ ८ गते तत्कालिन सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको सहकारी संस्था हो । संस्थाको कार्यक्षेत्र कास्की, स्याङजा, तनहुँ र लमजुङ जिल्ला भरी रहेको छ । संस्थाको प्रधान कार्यलय कास्की जिल्लाको पोखरा महानगरपालिका वार्ड नं.१०, बुद्धचोकमा अवस्थित छ । यसको अलवा शुक्लागण्डकी नगरपालिका, वडा नं.४, तनहुँ, पोखरा महानगरपालिका वडा नं.२९, भण्डारढिक कास्की र पोखरा महानगरपालिका वडा नं. ३१, मोहरिया कास्कीमा सेवा केन्द्र सञ्चालनमा छ । संस्थाका सदस्यहरुलाई मितव्ययिता को भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरुको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशिल र आयमुलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पूँजीको उपयोग बढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्धेश्यले यस संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थायी लेखा नम्बर **३०३३४६५९९** रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

२ लेखाङ्कनको आधार तथा अनुपालना :

२.१ वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन, नियमावली तथा निर्देशिका बमोजिम दोहोरो लेखा प्रणाली अनुसार तयार गरिएको छ । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सानको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू समावेश गरिएका छन् ।

वार्षिक वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

२.२ संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकबाट पारित भै साधारण सभामा सदस्यहरुबाट स्वीकृत हुनाका लागि प्रस्तुत गरिएको छ ।

२.३ संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा लेखिएका रकमहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

२.४ निरन्तरताको आधारः

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनबरत रुपमा चलिरहनको लागि

व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

३ प्रमुख लेखा नीतिहरुः

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

वित्तीय विवरण ऐतिहासिक मूल्यमा तयार पारिएको छ । वित्तीय विवरणहरु निरन्तरताको आधारमा तयार गरिएको छ । लेखामान नीति र धारणाहरु लेखामान मानक अनुरुप लागु गरिएको छ र कुनै फरक नीति र धारणाहरु अपनाएको अवस्थामा त्यसलाई विशेष रुपमा उल्लेख गरिएको छ ।

३.१ नगद र बैंक मौज्दात :

नगद र बैंक मौज्दातमा संस्थाले अल्पकालिन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने नगद मौज्दात र बैंक तथा वित्तीय संस्थाहरुमा रहेको नगद मौज्दात पर्दछ ।

नगद र बैंक मौज्दातलाई वित्तीय स्थितिको विवरणमा किताबी लागतमा पहिचान गरिन्छ ।

३.२ ऋण लगानी, शेयर लगानी नीति र ऋण नोक्सानी व्यवस्था :

- संस्थाले “ऋण लगानी तथा असूली नीति २०७६” अनुसार सदस्यलाई विभिन्न शिर्षकमा ऋण सापटी दिने तथा असुली गर्ने गरेको छ ।

- संस्थाले लगानीमा रहेका सम्पुर्ण ऋणहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमशः १%, ३५% र १००% ले हुन आउने रकमलाई ऋण जोखिम व्यवस्था गर्ने नीति लिएको छ ।

- बैंक तथा संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गर्ने नीति लिएको छ ।

३.३ सम्पत्ति तथा उपकरण :

३.३.१ वस्तुसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ र वस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्न सकिन्छ भने सम्पत्ती र उपकरणको लागत मुल्यलाई शुरूमा सम्पत्तिको रुपमा लागतमा पहिचान गरिन्छ ।

लागतमा खरिद मुल्य, फिर्ता नहुने कर र सम्पत्तिलाई व्यवस्थापनले तोके अनुसारको स्थान र अवस्थामा ल्याउनको लागि लाग्ने खर्चमा भोल्यूम छूट र व्यापार छूट घटाए पछि आउने रकम पर्दछ ।

३.३.२ उपकरणहरूको कार्यक्षमतासँग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ। खर्च गरेको कारण ले यदि भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरु पनि पूँजीकृत गरिएको छ। सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ। सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान (निसर्गको खुद प्राप्त रकम र वस्तुको किताबी मूल्यबीचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखांकन गरिएको छ ।

वार्षिक प्रतिवेदन २०७८

३.३.३ स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा आयकर ऐन, २०५८ अनुसार देहाय बमोजिमको दरले गरिएको छ ।

भवन	५%
कम्प्यूटर तथा प्रिन्टर	२५%
कार्यालय सामान तथा उपकरण	२५%
सवारी साधन	२०%
प्लान्ट एण्ड मेशिनरी	१५%

३.३.४ खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधित गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको अपलेखन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच बर्ष हो ।

३.३.५ सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ ।

३.४ आयकर दायित्व :

कर खर्चमा वर्तमान कर र स्थगन कर खर्च समावेश पर्दछ ।

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ र अघिल्लो वर्षहरुमा तिर्नु पर्ने कर पनि समायोजन गरिन्छ ।

आयकर व्यवस्थाको लागि संस्थाको कर अघिको खूद मुनाफामा आयकर ऐन २०५८ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गर्ने नीति लिएको छ । व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको सालमा नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ ।

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन आयकर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

३.५ सदस्यबाट निक्षेप :

संस्थाले आफ्ना सदस्यहरुबाट दैनिक, मासिक, आवधिक र अन्य खाताहरु (चल्ति बाहेक) अन्तर्गत निक्षेप स्वीकार गर्दछ जसले खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी कारोबार संस्थाको खाताहरुमा रेकर्ड गरिएको छ र परिणामस्वरूप बाँकी ब्यालेन्स संस्थाको दायित्वको रूपमा रेकर्ड गरिएको छ जुन रकम संस्थाले सदस्यलाई दिनुपर्ने रकमको प्रतिनिधित्व गर्दछ ।

३.६ आम्दानीको लेखाङ्कन :

आम्दानी भनेको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसले इक्विटीमा वृद्धि हुन्छ । आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखांकन गरिन्छ । आम्दानीको प्राप्तीको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखांकन गरिएको छैन । आम्दानी अर्न्तगत ब्याज आम्दानी, लाभांश आम्दानी, विप्रेशण आम्दानी आदि पर्दछन् ।

३.६.१ ब्याज आम्दानी :

संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक बर्ष मानी ब्याज गणना गरिएको छ । कर्जा सापटीको ब्याज नगद आधार (Cash Basis) मा आम्दानी जनाइएको छ ।

३.६.२ लाभांश आम्दानी :

लाभांश प्राप्त गर्ने हक स्थापित भइसकेपछि लाभांश आम्दानी जनाइन्छ ।

३.६.३ अन्य आम्दानी :

अन्य आम्दानीको हकमा पाकेको तर प्राप्त भइनसकेका आम्दानीलाई प्रोदभावी (Accrual Basis) आम्दानी जनाउने नीति लिएको छ ।

३.७ ब्याज खर्च :

संस्थाको निक्षेपमा ब्याज खर्च हिसाब गर्दा ३६५ दिनलाई आधार मानिएको छ ।
संस्थाको खर्चहरुलाई प्रोदभावी आधार (Accrual Basis) मा खर्च जनाइएको छ ।

३.८ कर्मचारी सुविधा :

बोनस खर्च आयकर बापत व्यवस्था गर्नुपूर्व आउने नाफाको १० प्रतिशतको दरले कर्मचारी बोनस खर्च जनाइएको छ ।

संस्थाले २०७४ भाद्र १९ बाट लागू भएको नयाँ श्रम ऐन २०७४ अनुसार, हरेक कर्मचारीको आधारभुत तलबको कम्तीमा ८.३३ प्रतिशत रकम (प्रति वर्ष एक महिनाको तलब बराबर) उपदान रकम भुक्तानी गर्नुपर्ने हुन्छ । सहकारीले नयाँ श्रम ऐन अनुसार मानव संसाधन नीति तयार गरि लागु गरेको हुँनाले सबै कर्मचारीहरुको उपदान व्यवस्था गरेको छ । सहकारीले श्रम ऐन २०७४ अनुसारको चाडपर्व खर्च र दुर्घटना बीमाको व्यवस्था गरेको छ ।

संचय कोषको लागि प्रत्येक महिना संस्थाको तर्फबाट कर्मचारीको संचय कोषमा हुने योगदानलाई खर्च मानेर स्वीकृत अवकाश कोष (कर्मचारी संचयकोष) मा जम्मा गर्ने गरेको छ । कर्मचारी संचयकोषमा

योगदान गरिएको समयमा नै संचालन खर्च जनाइएको छ। उक्त रकम खातामा जम्मा गरेपछि संस्थाको अरु रकम भुक्तानी गर्नुपर्ने दायित्व रहन्न। संस्थाले सबै कर्मचारीहरुको कोरोना बीमाको व्यवस्था गरेको छ र यदि कोरोना लागेर कर्मचारीको मृत्यु भएमा राहत स्वरुप संस्थाबाट रु. १०,००,००० प्रदान गरिने छ।

३.९ शेयर पूँजी र कोषहरु :

सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरु कम्तीमा एक शेयर खरिद गरि सदस्य हुन पाउने व्यवस्था गरिएको छ। सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ। सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ। सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछिको नाफा बाँडफाँड गरिन्छ।

४ नगद तथा बैंक मौज्दात

विवरण	यस वर्षको	गत वर्षको
नगद मौज्दात	२,५००,०००.००	२,७०७,०००.००
एटिएममा भएको नगद	१,५१५,०००.००	-
मुक्तिनाथ विकास बैंक लिमिटेड	१२,७८५,५०२.१८	२८,२१९,६८९.४९
लुम्बिनी विकास बैंक लिमिटेड	२,८०३,८३८.४८	३,४८७,९२२.८१
सांग्रिला विकास बैंक लिमिटेड	११,२४९,४०९.८१	१०,८३९,११०.७९
राष्ट्रिय सहकारी बैंक लिमिटेड	८४,३२९,२५६.६९	७५,९४५,४५०.९६
मेघा बैंक लिमिटेड	६,९६८,१८४.५६	४५,५८३,०७०.०१
माछापुच्छ्रे बैंक नेपाल लि.	७६८,७०५.६४	२,८९६,९१८.०८
सिद्धार्थ बैंक लिमिटेड	२४,०७३,३००.३२	८,४९८,२१५.१२
कामना सेवा विकास बैंक लिमिटेड	१,९९७,३१९.९०	१०,०५४,७८४.७०
एन.एम.बि बैंक लिमिटेड	२,६६१,८१४.४४	२,००१,४७९.४१
गरिमा विकास बैंक लिमिटेड	१,२०१,२६३.२९	५,२०९,०३१.७१
नविल बैंक लिमिटेड	५,०००.००	७,५००.००
ग्लोबल आइएमई बैंक लिमिटेड	१५,०८३,१७९.८६	१४,९१५,३९९.५८

नेपाल एस.बि.आई बैंक लिमिटेड	५७,५०९.००	४२,५०९.००
हिमालयन बैंक लिमिटेड	७९१,५३७.१५	१,०१४,०१८.९३
प्रभु बैंक लिमिटेड	२,२३२,९८८.१२	२,५९७,५५६.१७
एभरेष्ट बैंक लिमिटेड	७०८,६९६.०७	९२८,६१२.४०
सानिमा बैंक लिमिटेड	११,९०४,१४१.५८	४,१४२,५२२.१६
सिभिल बैंक लिमिटेड	४२२,७५३.०१	३११,२३७.८३
एन आई सी एशिया बैंक लिमिटेड	१,५२५,२९६.१५	३,६६०,२५४.१७
महालक्ष्मी विकास बैंक लिमिटेड	१०८,२०५.१२	–
बैंक अफ काठमाण्डू लिमिटेड	२१,७१३.००	१३,११६.००
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.	८६,७५०,२२३.१६	१०१,७८७,७८०.९८
लक्ष्मी बैंक लिमिटेड	–	२५,३२६.३६
पोखरा फाइनान्स लिमिटेड	१,५१७,९१४.०९	३,१४७,९९५.६८
प्राईम कमर्सियल बैंक लि.	५,२९६,५३३.३८	२,५८४,३७५.११
आई.सि.एफ.सि. फाइनान्स लिमिटेड	२२६,४८८.००	–
कुमारी बैंक लिमिटेड	४५,२६७,६२७.१०	–
कृषि विकास बैंक लिमिटेड	५,०००.००	५,०००.००
जम्मा	३२४,७७८,४००.१०	३३०,६२५,८७७.४५

भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

५. लगानी हिसाब

विवरण	यस वर्षको	गत वर्षको
राष्ट्रिय सहकारी बैंक लिमिटेड	२,१०१,०००.००	२,१०१,०००.००
जिल्ला सहकारी संघ कास्की	११५,०००.००	११५,०००.००
कास्की जिल्ला बचत तथा ऋण सहकारी संघ	५,०००.००	५,०००.००
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.	१,०००,०००.००	५३५,८००.००

हब कोअपरेटिभ सर्भिसेज	१००,०००.००	–
सांग्रिला विकास बैंक लिमिटेड (मुद्दती)	५०,०००,०००.००	–
राष्ट्रिय सहकारी बैंक लिमिटेड (मुद्दती)	५०,०००,०००.००	–
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(मुद्दती)	५०,०००,०००.००	–
ग्लोबल आइएमई बैंक लिमिटेड (मुद्दती)	५०,०००,०००.००	–
प्राइम कमर्सियल बैंक लि.	५०,०००,०००.००	–
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(आवधिक बचत)	७०,५५४.१९	६१,९६३.४६
जम्मा	२५३,३९१,५५४.१९	२,८१८,७६३.४६

६ सदस्यलाई दिएको ऋण सापटी

विवरण	यस वर्षको	गत वर्षको
व्यवसायीक ऋण	४६१,११६,२२७.५१	४७३,२५७,८२९.२९
आवास ऋण	४६४,९५२,३०५.१०	४२३,३६३,८६७.२२
हायर पर्चेज ऋण	२६,७९०,८२५.७८	२६,८८०,२०१.५०
कर्मचारी ऋण	७,६५९,१५६.४३	९,५०३,६१९.६५
निक्षेप ऋण	३,४७४,६२७.३८	२,७८४,३९५.४४
कृषि ऋण	३६,५१४,२०४.२३	५०,९१९,४०१.६८
वैदेशिक रोजगार ऋण	९४,८९४,५७५.०७	१५६,०९८,१३६.९७
विविध ऋण	५१,७८८,६२५.४९	१३०,४९९,३५९.०२
लघु ऋण	३४,६१९,२७०.११	२६,३२८,८२४.१५
कोभिड केयर ऋण	८,४४७,०९२.४२	–
तरलता व्यवस्थापन ऋण	६७,९४८,२५५.७४	–
सरल ऋण	१२५,३९३,९३६.४४	१५६,२१९,७७२.२४
जम्मा	१,३८३,५९९,१०१.७०	१,४५५,८५५,४०७.१६

७ सम्पत्ति तथा उपकरण

सम्पत्तिको विवरण	ह्रास दर	शूरु मूल्य	यस वर्षको थप			बिक्री	जम्मा मुल्य	ह्रास खर्च	बाँकी मूल्य
			पौष मसान्त सम्म	चैत्र मसान्त सम्म	आषाढ मसान्त सम्म				
समुह क									
जग्गा	०%	४,१००,०००.००	-	-	-	-	४,१००,०००.००	-	४,१००,०००.००
भवन तथा कम्पाउण्ड	५%	१५,५४२,१२७.८८	४६४,८१७.००	-	-	-	१६,००६,९४४.८८	८००,३४७.२४	१५,२०६,५९७.६४
जम्मा		**१९,६४२,१२७.८८**	**४६४,८१७.००**	-	-	-	**२०,१०६,९४४.८८**	**८००,३४७.२४**	**१९,३०६,५९७.६४**
समुह ख	२५%								
कार्यालय उपकरण, कम्प्यूटर, प्रिन्टर र फर्निचर		३,७९०,६४८.३२	२९२,१७०.००		८४,०००.००	-	४,१६६,८१८.३२	१,०२७,७०४.५८	३,१३९,११३.७४
जम्मा		**३,७९०,६४८.३२**	**२९२,१७०.००**	-	**८४,०००.००**	-	**४,१६६,८१८.३२**	**१,०२७,७०४.५८**	**३,१३९,११३.७४**
समुह ग	२०%								
सवारी साधन		१,५४०,०२३.२४	-	-	-	-	१,५४०,०२३.२४	३०८,००४.६५	१,२३२,०१८.५९
जम्मा		**१,५४०,०२३.२४**	-	-	-	-	**१,५४०,०२३.२४**	**३०८,००४.६५**	**१,२३२,०१८.५९**
समुह घ	१५%								
अन्य उपकरण		२,७९१,८७८.२६	१९,०००.००	-	-	-	२,८१०,८७८.२६	४२१,६३१.७४	२,३८९,२४६.५२
जम्मा		**२,७९१,८७८.२६**	**१९,०००.००**	-	-	-	**२,८१०,८७८.२६**	**४२१,६३१.७४**	**२,३८९,२४६.५२**
समुह ङ									
लिजहोल्ड सम्पत्ति महेन्द्रपुल		-	-	-	-	-	-	-	-
लिजहोल्ड सम्पत्ति लेखनाथ		९९९,८९८.८०	-	-	-	-	९९९,८९८.८०	१६६,६४९.८०	८३३,२४९.००
लिजहोल्ड सम्पत्ति दुलेगौडा		२,५७७,३४१.५५	-	-	-	-	२,५७७,३४१.५५	१८४,१९४.४५	२,३९३,१४७.१०
लिजहोल्ड सम्पत्ति शिशुवा		८४८,७१७.८२	-	-	-	-	८४८,७१७.८२	६०,६५५.१८	७८८,०६२.६४
जम्मा		**४,४२५,९५८.१७**	-	-	-	-	**४,४२५,९५८.१७**	**४११,४९९.४३**	**४,०१४,४५८.७४**
कूल जम्मा		**३२,१९०,६३५.८७**	**७७५,९८७.००**	-	**८४,०००.००**	-	**३३,०५०,६२२.८७**	**२,९६९,१८७.६४**	**३०,०८१,४३५.२३**

सुरुवातमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लागत मुल्यमा सम्पत्तिको लेखांकन गरिन्छ। भविष्यमा आर्थिक लाभहरु प्रभावित हुने संम्भावना भएमा पछि गरिएका खर्चहरु पूँजीकृत गरिन्छ। सम्पत्ति र उपकरणको निसर्गबाट भएको नाफा नोक्सान (किताबी मौज्दात र निसर्गबाट प्राप्ति बिचको भिन्नता) नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ।

८ अन्य सम्पत्तिहरु

विवरण	यस वर्षको	गत वर्षको
ऋणमा पाउँनुपर्ने बाँकी ब्याज	२२,४३२,५९२.३९	१७,९७३,८९५.९५
न्यून : ब्याज मुल्तबी हिसाब	(२२,४३२,५९२.३९)	(१७,९७३,८९५.९५)
प्रभु मनी ट्रान्सफर प्राईभेट लिमिटेड	८०८,८७७.००	९७८,२९०.१९
आइएमई लिमिटेड	३८१,७६९.००	४५५,३७३.००
सिटी एक्सप्रेस मनी ट्रान्सफर प्राईभेट लिमिटेड	५८,६९१.००	७९,१२८.००
हिमाल रेमिट	५१,५८७.००	१५८,६७८.००
वेष्टर्न यूनियन	-	६०,०६३.००
अग्रिम आयकर	६,०४१,०८५.८२	६,८८५,०९७.३९
स्टेशनरी मौज्दात	६१८,४५९.८७	६२०,८२४.०५
नेपाल टेलिकम लिमिटेड (धरौटी)	१६,२५०.००	१६,२५०.००
वर्ल्डलिङ्क कम्युनिकेसन लिमिटेड (धरौटी)	१,०००.००	१,०००.००
नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५०,०००.००	५०,०००.००
आइ.एम.ई कोअपरेटिभ सर्भिस लिमिटेड (धरौटी)	५२५,९७५.१५	५१५,५८५.२९
प्रभु मेनेजमेन्ट प्राईभेट लिमिटेड (धरौटी)	५००,०००.००	५००,०००.००
एम बैंक	३८८,२०९.१३	-
ईसेवा फोनपे प्राईभेट लिमिटेड	७४,४१८.६८	९१,८९६.०६
जम्मा	९,५१६,३२२.६५	१०,४१२,१८४.९८

९. तिर्न बाँकी बाह्य ऋण

विवरण	यस वर्षको	गत वर्षको
यूवा स्वरोजगार कोष	-	१,०४४,२४२.२०
जम्मा	-	१,०४४,२४२.२०
३१ असार, २०७८ मा यस संस्थाको बाहय ऋण रहेको छैन ।		

१०. सदस्यबाट संकलन गरेको निक्षेप

विवरण	यस वर्षको	गत वर्षको
साधारण बचत	५६४,६३१,२८३.६८	४५९,८३२,९६८.२४
आवधिक बचत	४०,९६१,०८५.६१	५०,१५९,३५६.६६
मुद्दती बचत	८७१,८००,३०४.५८	८१०,५६४,०६०.६२
जम्मा	१,४७७,३९२,६७३.८७	१,३२०,५५६,३८५.५२
उपरोक्त तालिका अनुसार गत आ.व. २०७७/७८ को आसार मसान्तमा अघिल्लो आ.व. २०७६/७७ को तुलनामा निक्षेप रकम ११.८८% अर्थात रू. १५,६८,७४,५०४.८४ ले वृद्धि भएको छ।		

११. आयकर दायित्व

विवरण	यस वर्षको	गत वर्षको
आयकर व्यवस्था अघिको मुनाफा	४२,३४०,४८०.०१	६२,३९७,०९३.३२
क. आयमा समावेश गर्नु नपर्ने रकमहरू		
लाभांश आम्दानी	(५०२,८३८.१५)	(४२४,३६९.३४)
ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरू		
ऋण व्यवस्थापन शुल्क बापतको आम्दानी, घर जग्गा कोषमा रकमान्तर गरेको	-	-
ग. आयको गणना गर्दा कट्टी नहुने खर्चहरू		
यस आ.व.मा व्यवस्था गरेको कर्मचारी उपदान खर्च	५,२६४,४४६.००	२,५२६,५५४.००
ब्याज तथा जरिवाना खर्च	-	-
घ. आयको गणना गर्दा कट्टी नभएको खर्चहरू भुक्तानीको आधारमा यस आ.व. मा खर्च दाबी गर्न सकिने रकम		
यस आ.व. मा उपदान कोषबाट भएको खर्च	-	(३,४४६,000.00)
करयोग्य आम्दानी	४७,१०२,०८७.८६	६१,०५३,२७७.९८
आयकर व्यवस्था (१०%)	४,७१०,२०८.७९	६,१०५,३२७.८०

१२. ऋण नोक्सानी व्यवस्था

विवरण	यस वर्षको	गत वर्षको
जम्मा ऋण नोक्सानी कोष व्यवस्था	५६,९५७,१२१.८७	५०,८२२,८६५.००
शिशुवा महिला साकोसको ऋण जोखिम व्यवस्था	-	७४३,७६७.५०
गत वर्षको ऋण नोक्सानी कोष व्यवस्था	५०,८२२,८६५.००	६१,०५६,८३२.८५
यस वर्ष थप भएको ऋण नोक्सानी व्यवस्था	६,१३४,२५६.८७	(१०,९७७,७३५.३५)
संस्थाले महामारीबाट प्रभावित ऋणहरूलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार वर्गिकरण गरी हुन आउने रकमलाई ऋण जोखिम व्यवस्था गर्ने नीति लिएको छ।		

१३. अन्य दायित्वहरु

विवरण	यस वर्षको	गत वर्षको
कर्मचारी उपदान कोष	१७,६२५,०००.००	१२,३६०,५५४.००
भुक्तानी दिन बाँकी निक्षेपको ब्याज (म्याद नपुगेको)	५८,४७१,२३२.८८	५६,०८८,४५९.५८
भुक्तानी दिन बाँकी निक्षेपको ब्याज (म्याद पुगेको)	१,६३६,५४५.५७	५,७७७,०५४.३०
म्याद पुगेको निक्षेप दायित्व	७,७८७,५६१.०२	३२,३८४.५०
कर्मचारी बोनस दायित्व	४,२३४,०४८.००	६,२३९,७०९.३३
भुक्तानी दिन बाँकी बाह्य लेखापरीक्षण शुल्क	१३३,८००.००	१३३,८००.००
बाराही टि सर्ट उद्योग	८८,०६९.००	-
मल्ल फर्निचर ल्याण्ड	१,४५०.००	-
सदस्य राहत कोष	-	१४०,३४२.१६
रोयल फाउण्डेसन	-	७,५६८,२३७.८२
सण्ड्री क्रेडिटर्स (निष्क्रिय सदस्य सहित)	२,८०४,६४२.१७	४,०१६,५३८.९०
नेशनल लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड	२,३९२.००	१३,६२५.००
माइक्रो फाइनान्स हित कोष	८५,८०३.१२	६३,८०१.३२
स्रोतमा कर कट्टी (अन्य कर)	६,४९१.०६	१,३२८.००
स्रोतमा कर कट्टी (ब्याज कर)	१,५१६,०६३.३०	१,४६३,९२६.१९
स्रोतमा कर कट्टी (बैठक भत्ता कर)	२९,७७५.००	३७,५००.००
स्रोतमा कर कट्टी (प्रा.लि)	६,४२०.००	११,९०३.००
स्रोतमा कर कट्टी (व्यक्तिगत)	१३,१५०.००	१२,६७३.००
जम्मा	९४,४४२,४४३.१२	९३,९६१,८३७.१०

१४. शेयर पुंजी

विवरण	यस वर्षको	गत वर्षको
शेयर पूँजी (प्रति शेयर रू.१००)	२०२,४८१,८००.००	१९८,७१९,३००.००
जम्मा	२०२,४८१,८००.००	१९८,७१९,३००.००

उपरोक्त तालिका अनुसार गत आ.व. २०७७/७८ को असार मसान्तमा अघिल्लो आ.व. २०७६/७७ को तुलनामा शेयर रकम १.८९% अर्थात रू. ३७,६२,५००।- ले वृद्धि भएको छ।

१५. जगेडा कोष तथा अन्य कोषहरु

विवरण	यस वर्षको	गत वर्षको
जगेडा कोष	१३६,९४८,७६८.६९	११८,४७४,०८७.१६
संरक्षित पूँजी फिर्ता कोष	७,०५५,६७५.८५	१०,५५४,७०६.०४
सहकारी प्रर्वद्धन कोष	३५२,२०७.६४	२११,०९४.१२
शेयर लाभांश कोष	१४,७१८,१३९.८३	२२,०१७,११६.७९
	१,०५१,२९५.७०	१,५७२,६५१.२०
जम्मा	१६५,३८२,५६६.२२	१६०,६९२,९११.३०

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरेको छ। यस आर्थिक वर्षको खुद नाफाको २५ प्रतिशतले हुने रकम रू. ९४,०७,५६७.८१ लाई साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ।
सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरेको छ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड निम्नानूसार छ :

अन्य कोषको बाँडफाँड	
शेयर लाभांश कोष	७०%
सहकारी विकास कोष	५%
सामुदायिक विकास कोष	५%
सहकारी शिक्षा कोष	५%
घाटापूर्ति कोष	५%
स्थिरीकरण कोष	५%

१६. ब्याज आम्दानी

विवरण	यस वर्षको	गत वर्षको
सदस्यलाई दिएको ऋण सापटीको ब्याज आम्दानी	१७६,२६८,१०२.१५	१९१,१४८,३५६.६७
बैंक निक्षेपबाट प्राप्त ब्याज आम्दानी	२०,७२६,४४२.३३	२२,५०७,९२८.२६
जम्मा	९६,९९४,५४४.४८	२१३,६५६,२८४.९३

१७. बचतमा ब्याज खर्च

विवरण	यस वर्षको	गत वर्षको
सदस्यबाट संकलन गरेको निक्षेपमा ब्याज खर्च	११८,८४२,५८६.०६	११९,९२६,६९२.२२
जम्मा	११८,८४२,५८६.०६	११९,९२६,६९२.२२

१८. अन्य आम्दानी

विवरण	यस वर्षको	गत वर्षको
प्रवेश शुल्क आम्दानी	७९,३००.००	१९३,९००.००
आवेदन शुल्क आम्दानी	१७६,३००.००	२०५,०००.००
रेमिट कमिशन आम्दानी	७०३,३००.०३	५९०,५२१.०२
इन्स्योरेन्स कमिशन आम्दानी	५,६१२.८९	२०,१६७.३१
घरभाडा आम्दानी	५१४,०००.००	४५२,०००.००
ऋण व्यवस्थापन शुल्क आम्दानी	६,३४१,२२५.००	३,३६३,७०८.९८
शेयर लाभाँश आम्दानी	५०२,८३८.१५	४२४,३६९.३४
कर्मचारी बोनस कोषबाट रकमान्तर गरिएको	३,१७४,२३६.३३	५३९,१५६.९४
हर्जना आम्दानी	५१७,३६७.१७	४८८,४०७.२२
डेबिट कार्ड र मोबाइल बैंकिङ्ग आम्दानी	१७३,४००.००	११४,५६४.२९
अन्य विविध आम्दानी	३,९२१,२०६.७२	२१२,५६६.०७
जम्मा	१६,१०८,७८६.२९	६,६०४,३६१.१७

१९. कर्मचारी खर्च

विवरण	यस वर्षको	गत वर्षको
कर्मचारी तलब तथा ग्रेड खर्च	१४,१८१,०७२.००	१२,१५४,०९२.००
कर्मचारी संचयकोष थप खर्च	१,४१८,११२.००	१,२१५,४०२.००
कर्मचारी विशेष भत्ता	३,६८३,७५०.००	३,३९५,२७४.००
कर्मचारी औषधी उपचार भत्ता	१,१८०,५३३.००	१,००६,८२५.००
कर्मचारी संचित बिदा खर्च	१,०३८,८९०.००	७७८,९४८.००
चाडपर्व खर्च	१,१४५,०३४.००	८०६,८१६.००
कर्मचारी उपदान खर्च	५,२६४,४४६.००	२,५२६,५५४.००
कर्मचारी पोशाक खर्च	१,०६२,५००.००	१५,०००.००
जम्मा	२८,९७४,३३७.००	२१,८९८,९११.००

२०. प्रशासनिक खर्च

विवरण	यस वर्षको	गत वर्षको
दैनिक भ्रमण भत्ता	१७२,८१०.००	२६०,२६५.००
घर भाडा खर्च	१,००२,७००.००	८८७,५२०.००
पोष्टेज, टेलेक्स, टेलिफोन र फ्याक्स खर्च	३४५,८७०.००	३३०,०५३.००
ईन्टरनेट र ईन्ट्रानेट खर्च	३०६,८७८.००	२९०,७८९.००
बत्ती, बिजुली र पानी खर्च	५५२,१४६.२०	५४१,२६७.९४
मर्मत सम्भार खर्च (भवन)	२९४,६५९.००	४२८,७७८.००
मर्मत सम्भार खर्च (कार्यलय समान तथा कम्प्युटर)	२५४,९८७.००	१२६,६३८.००
मर्मत सम्भार खर्च (सवारी साधन)	७४,०४१.००	१२७,२५९.००
मर्मत सम्भार खर्च (लिजहोल्ड सम्पत्ति)	११९,४३९.००	
मर्मत सम्भार खर्च (अन्य)	४५,३२५.००	२५,२७६.००
बीमा खर्च	४०९,१०२.००	३८२,१०७.००
प्राविधिक खर्च	४९४,४३८.००	११६,९२५.००
ईन्धन खर्च	२९२,०८४.००	३२८,५७३.००
लेखापरीक्षण शुल्क खर्च	१३५,६००.००	१३५,६००.००

मसलन्द तथा छपाई खर्च	५४६,३३९.१८	६३३,३६७.००
पत्रपत्रिका खर्च	१२,७५०.००	२१,८००.००
परामर्श शुल्क खर्च	११७,०००.००	३८३,९३९.००
सरसफाई खर्च	२५३,८१८.००	२६६,१४२.००
बैठक भत्ता खर्च	४३३,५००.००	४६०,५००.००
सामुदायिक सेवा खर्च	१५,०००.००	५४,३००.००
तालिम तथा प्रशिक्षण खर्च	४३,५६०.००	१०३,६०३.००
चिया खाजा खर्च	६४,२०५.००	८६,८६७.००
ए.टि.एम कारोवार	४२,०६४.००	१२,९४०.००
डेबिट कार्ड खर्च	१२६,६७१.००	२१८,३३७.००
दर्ता तथा नविकरण खर्च	१०७,७३५.००	१०७,३४५.००
आन्तरिक लेखापरीक्षण शुल्क	-	६७,८००.००
अतिथि सत्कार खर्च	२९,३८२.००	९६,४५३.००
विविध खर्च	२५,५९८.००	४८,३१३.००
वार्षिक साधारण सभा खर्च	५३०,०५९.००	१,९१६,१४१.००
बधाई तथा समवेदना खर्च	११६,४७५.००	१२१,२५६.००
खातावन्दी खर्च	-	५९,४००.००
कार्यालय सुरक्षा खर्च	८७९,०००.००	८६०,०००.००
सम्पत्ति तथा उपकरण अपलेखन	-	१३५,१३१.२४
संस्था स्थापना दिवस खर्च	-	१४८,३७९.००
कार्यालय सञ्चालन खर्च	१९८,५१६.००	२९१,५६५.००
व्यापार प्रवर्द्धन खर्च	९२,७५७.००	९६,६५८.००
ब्राण्डिङ्ग कार्यक्रम खर्च	१५०,००२.००	३,६५४.००
प्रशिक्षार्थी खर्च	५६४,०००.००	३५८,५००.००
ब्याज छुट खर्च (कोभिड सहुलियत)	-	६,३४३,३७७.३०
बाह्य ऋणको ब्याज खर्च	२२,९८४.८१	७४,१४४.३९
मोबाइल बैंकिङ्ग एप्स निर्माण खर्च	२६८,९४०.००	-
यातायात भत्ता	२८८,०००.००	२८९,०००.००

पुस्तक तथा पत्रपत्रिका भत्ता	६०,०००.००	६०,०००.००
सञ्चार भत्ता	१२०,०००.००	१२०,०००.००
जम्मा	९,६०८,४३५.१९	१७,४१९,९६२.८७

२१. गैर सञ्चालन आम्दानी

विवरण	यस वर्षको	गत वर्षको
अपलेखन गरिएको ऋण असुली	-	-
अन्य आम्दानी	-	-
जम्मा	-	-
सञ्चालन आयसँग प्रत्यक्ष सम्बन्ध नभएका आयहरु यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।		

२२. गैर सञ्चालन खर्च

विवरण	यस वर्षको	गत वर्षको
ऋण अपलेखन	-	-
अन्य खर्च	-	-
जम्मा	-	-
सञ्चालन खर्चसँग प्रत्यक्ष सम्बन्ध नभएका खर्चहरु यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।		

२३. अन्य थप खुलासा

यस लेखापरीक्षणको अवधिमा देहायका व्यक्तिहरू यस संस्थासँग सम्बन्धित रहेका छन् । संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा मुख्य प्रबन्धकलाई सम्बद्ध व्यक्तिको रुपमा लिइएको छ । आर्थिक वर्ष २०७७/२०७८ मा सम्बद्ध व्यक्तिहरुको विवरण निम्न बमोजिम रहेको छ ।

क्र.सं	नाम	पद
१	तुलसी प्रसाद गुरूङ्ग	सञ्चालक समिति अध्यक्ष
२	रूद्र कुमारी गुरूङ्ग	सञ्चालक समिति उपाध्यक्ष
३	चन्द्र प्रसाद गुरूङ्ग	सञ्चालक समिति सचिव
४	केशव प्रसाद ढकाल	सञ्चालक समिति कोषाध्यक्ष
५	गिरबहादुर श्रेष्ठ	सञ्चालक समिति सदस्य
६	कृष्ण ढकाल	सञ्चालक समिति सदस्य
७	केदारनाथ पोखरेल	सञ्चालक समिति सदस्य

८	हरी बहादुर गुरूङ्ग	सञ्चालक समिति सदस्य
९	उमा परियार	सञ्चालक समिति सदस्य
१०	हर्क बहादुर गुरूङ्ग	लेखा सुपरिवेक्षण समिति संयोजक
११	बाला कृष्ण पौडेल	लेखा सुपरिवेक्षण समिति सदस्य
१२	खिम कुमारी गुरूङ्ग	लेखा सुपरिवेक्षण समिति सदस्य
१३	भीम बहादुर गुरूङ्ग	प्रमुख कार्यकारी अधिकृत
१४	मीलन ढकाल	मुख्य प्रबन्धक

२४. भुक्तानी हुन बाँकी लाभांश

यस आर्थिक वर्षको अन्त्य सम्ममा गत वर्षहरूको भुक्तानी हुन बाँकी लाभांश रकम रहेको छैन ।

२५. ऋण अपलेखन

यस आर्थिक वर्षमा कुनै पनि ऋण अपलेखन गरिएको छैन ।

२६. गैर बैकिङ्ग सम्पत्ति :

२०७८ आसार मसान्तसम्म संस्थाले ऋण असष्ठुलीको सिलसिलामा धितो लिलाम विक्री नभई आफैले सकार गर्नु पर्ने अवस्था नआएकोले संस्थाको नाममा गैर बैंकिङ्ग सम्पत्ति रहेको छैन ।

२७. कोरोना (कोभिड-१९) व्यवस्थापन खर्च

संस्थाले कोरोना व्यवस्थापनका लागि ह्याण्ड वास, साबुन, मास्क, स्यानिटाईजर, पि.पि.ई, फेस सिल्ड, डिसईन्फेक्टेन्ट केमिकल लगायतमा खर्च गरेको छ ।

२८. औसत ब्याज दर

संस्थाको लिने दिने ब्याज दर बीचको औसत फरक (Spread) ३.९२% रहेको छ ।

सिए. राजकुमार फुयाल
प्रोप्राइटर

(R.K. Phuyal & Associates, Kathmandu, Chartered Accountants)

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७८।०४।२४ गते
स्थान : बुद्धचोक, पोखरा, कास्की ।

UDIN : 210822CA00893aPJqk

PEARLS पर्ल्स बिश्लेषण (२०७८ असार मसान्त)

सुचकहरु		लक्ष्य	उपलब्धी	कैफियत
P_1	१ वर्ष भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था	**१००%**	१००	+
P_2	१ वर्ष सम्म भाखा नाघेको ऋणको लागि व्यवस्था	**३५%**	३५	+
P_{2x}	शुद्ध ऋणको लागि व्यवस्था	**१%**	१	+
P_3	अपलेखन गरिएको खराव ऋण	**१००%**	०	+
P_4	वार्षिक अपलेखन गरिएको ऋण	**न्युनतम**	०	+
P_5	सञ्चित अपलेखन ऋण असुली	**७५%**	०	+
P_6	तिर्न सक्ने क्षमता	**११०% भन्दा माथी**	९०.०१	-
E_1	कुल सम्पत्तिमा खुद ऋणको अुनपात	**७०%–८०%**	६६.९५	-
E_2	कुल तरल लगानी	**बढीमा २०%**	१५.९८	+
E_3	कुल वित्तिय लगानी	**बढीमा १०%**	१२.६६	-
E_4	कुल गैह वित्तिय लगानी	**०%**	०	+
E_5	कुल सम्पत्तिमा बचतको अुनपात	**७०%–८०%**	७३.८३	+
E_6	कुल सम्पत्तिमा बाह्य ऋणको अनुपात	**बढीमा ५%**	०	+
E_7	कुल सम्पत्तिमा शेयरपुँजीको अनुपात	**बढीमा २०%**	१०.१२	+
E_8	कुल सम्पत्तिमा संस्थागत पुँजीको अनुपात	**न्युनतम १०%**	६.९०	-
E_9	कुल सम्पत्तिमा खुद संस्थागत पुँजीको अनुपात	**न्युनतम १०%**	६.९०	-
A_1	कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण	**बढीमा ५%**	६.६३	-
A_2	कुल सम्पतिमा नकमाउने सम्पत्तिको अनुपात	**बढीमा ५%**	२.१८	+
A_3	शुद्ध लागत रहित कोष	**२००%**	६२१.१७	+
R_1	शुद्ध ऋणबाट आम्दानी	**उद्यमशिलता दर**	१३.१९	+
R_2	तरल लगानीवाट आय	**बजार दर**	६.४१	+
R_3	वित्तिय लगानी बाट प्राप्त आय	**बजार दर**	०.३९	-
R_5	वचतमा व्याज खर्च	**बजार दर/मुद्रा स्फिती**	८.४९	+
R_6	वाह्रय ऋणमा व्याज खर्च	**बजार दर**	४.४०	+
R_7	शेयर लाभांश दर	**बजार दर**	११.३४	+
R_9	औषत सम्पत्तिमा संचालन खर्चको अनुपात	**बढीमा ५%**	२.१७	+
L_1	कुल निक्षेपमा तरलता	**न्युनतम १५%**	२१.०३	+
L_3	कुल सम्पतिमा आयआर्जन नगर्ने तरलसम्पतिको अनुपात	**बढीमा १%**	०.२४	+
S_{10}	सदस्य बृद्धिदर	**न्युनतम १५%**	(२.०७)	-
S_{11}	कुल सम्पत्तिमा बृद्धिदर	**मुद्रा स्फिती भन्दा बढी**	९.२५	+

सदस्यको
काम
कर्तव्य
अधिकार

सदस्यको काम :

- आफुले कबुल गरेको मासिक बचत वा ऋणको किस्ता नियमित रुपमा भुक्तान गर्ने र आफ्नो आर्थिक कारोवार संस्थाबाट नै चलाउने ।
- संस्थाले बोलाएको बैठक तथा सभाहरुमा सक्रियताका साथ उपस्थित भई सकारात्मक सुझाव दिने ।
- सदस्य एवं समुदायको हित र बिकासका कार्यमा संचालकलाई सहयोग पुऱ्याउने ।
- विभिन्न उपसमितिहरुमा रहि सञ्चालक समितिलाई सहयोग गर्ने ।
- संस्थाको प्रचार प्रसार गर्ने एवं संस्थागत बिकासमा सकारात्मक योगदान पुऱ्याउने ।
- एक सदस्य एक नयाँ सदस्यको अभियानमा सहयोग पुऱ्याउने ।
- संस्थाले सञ्चालन गरेको नयाँ प्रविधी एवं उत्पादनहरु प्रयोग गर्ने ।
- संस्थाले आव्हान गरेको समयमा शेयर रकम वृद्धिमा सहभागी हुने ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
आवद्धता नेफ्स्कून
Head Office: Buddhachowk, Pokhara | ☎: 061-538833, 537833, 520933
Service Center: • Dulegaunda, Tanahun, ☎: 065-414490 | • Bhandardhik, Lekhnath, ☎: 561775 | Shisuwa, Mohariya, ☎: 560903
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

सदस्यको कर्तव्य तथा दायित्व :

- जुन व्यवसाय वा परियोजनाको लागि ऋण लिएको हो, सोहि व्यवसायमा लगाउनु सदस्यको कर्तव्य हुनेछ ।
- नियमित रुपमा संस्थामा आई सुचना लिनु सदस्यको कर्तव्य हुनेछ ।
- समितिले मनोनयन गरेका सल्लाहकार, उपसमिति तथा विभिन्न कार्यदलमा रहि कार्य गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- एक पालिका भित्रको एक विषयको एक मात्र सहकारीको सदस्य बन्ने सदस्यको कर्तव्य हुनेछ ।
- सदस्य पहिचान फारम (KYM) तोकिएको समयमा अध्यावधिक गराउनु सदस्यको कर्तव्य हुनेछ ।
- विना सुचना ३ वर्ष सम्म वार्षिक साधारण सभामा उपस्थित नहुँदा एंव ३ वर्ष सम्म नियमित रुपमा मासिक बचत नगरेमा सदस्य बाट निस्कान हुने कुरा जानकारी लिनु सदस्यको कर्तव्य हुनेछ ।
- सहकारी सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन नियमावली र संस्थाको विनियम, नीति तथा कार्यविधी पालना गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- वार्षिक साधारण सभामा सहकारी सम्बन्धी तालिमको लागि नाम टिपाउनु सदस्यको दायित्व हुनेछ ।
- समितिले दिएको जिम्मेवारी तोकिएको समयमा पुरा गर्नु सदस्यको दायित्व हुनेछ ।
- लामो समय सम्म संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्रै जानुपरेको अवस्था र कुनै कारणले आफ्नो ठेगाना वा सम्पर्क नम्बर परिवर्तन भएको अवस्थामा संस्थामा सूचना गराउनु सदस्यको दायित्व हुनेछ ।
- वार्षिक साधारण सभा एवं निमन्त्रणा गरिएको बैठकहरुमा उपस्थित हुन नसकेको अवस्थामा संस्थामा जानकारी गराउनु सदस्यको दायित्व एवं कर्तव्य हुनेछ ।

सदस्यको अधिकार :

- आफ्नो शेयर खाता, बचत खाता तथा ऋण खाताको हिसाब बिवरण हेर्न पाउने सदस्यको अधिकार हुनेछ ।
- संस्थाको वार्षिक साधारण सभा तथा विभिन्न बैठकहरुको सूचना तथा निर्णयहरु थाहा पाउनु सदस्यको अधिकार हुनेछ ।
- संस्थाले निर्णय गरि सार्वजनिक गरेको बचत तथा ऋणको ब्याजदर तथा वार्षिक साधारण सभाले निर्णय गरेको लाभांश र संरक्षित पूँजीफिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हुनेछ ।
- एक व्यक्ति एक मतका आधारमा विभिन्न सभा तथा बैठकहरुमा मताधिकार गर्ने सदस्यको अधिकार हुनेछ ।
- सञ्चालक समितिले सदस्यलाई कुनै कारणले निष्काशन वा कार्वाही गरेको अवस्थामा सो उपर आवश्यक छानविनको लागि निवेदन गर्न पाउनु सदस्य स्वयंको अधिकार हुनेछ ।

उपसमितिहरूको नामावली

ऋण उपसमिति		
१	चन्द्र प्रसाद गुरुङ्ग	संयोजक
२	केशव प्रसाद ढकाल	सदस्य
३	कार्यालय प्रमुख	सदस्य (पदेन)
शिक्षा उपसमिति		
४	केशव प्रसाद ढकाल	संयोजक
५	विष्णुहरी ढकाल	सदस्य
६	पोमबहादुर गुरुङ्ग	सदस्य
प्रोवेशन कार्यदल		
७	चन्द्र प्रसाद गुरुङ्ग	संयोजक
८	हरि बहादुर गुरुङ्ग	सदस्य
९	मीलन ढकाल	सदस्य
मोहरिया सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
१०	उमा परियार	संयोजक
११	पुर्णिमा वास्तोला	सदस्य
१२	प्रेम कुमार श्रेष्ठ	सदस्य
दुलेगौडा सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
१३	नारायण सुवेदी	संयोजक
१४	एकबहादुर गुरुङ्ग	सदस्य
१५	निर्मल जोजिजु	सदस्य

भण्डारढिक सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
१६	जंग बहादुर गुरुङ्ग	संयोजक
१७	नारायण सिंह गुरुङ्ग	सदस्य
१८	शिव प्रसाद लामिछाने	सदस्य
स्वास्थ्य उपसमिति		
१९	नरहरी पनेरु	संयोजक
२०	माधव भण्डारी	सदस्य
२१	नौ जंग गुरुङ्ग	सदस्य
महिला उपसमिति		
२२	कृष्ण ढकाल	संयोजक
२३	चन्द्रकला श्रेष्ठ	सदस्य
२४	सरिता लामिछाने	सदस्य
श्रम सम्बन्ध उपसमिति		
२५	गिरबहादुर श्रेष्ठ	संयोजक
२६	कृष्ण ढकाल	सदस्य
२७	भीमबहादुर गुरुङ्ग	सदस्य
श्रम सुरक्षा तथा स्वास्थ्य उपसमिति		
२८	केदारनाथ पोखरेल	संयोजक
२९	उमा परियार	सदस्य
३०	मीलन ढकाल	सदस्य

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

संचालक समिति

अध्यक्ष
मे. तुलसी प्रसाद गुरुङ

उपाध्यक्ष
रुद्र कुमारी गुरुङ (मैना)

सचिव
क्या. चन्द्र प्रसाद गुरुङ

कोषाध्यक्ष
केशव प्रसाद ढकाल

सदस्य
गिर बहादुर श्रेष्ठ (किरण)

सदस्य
कृष्ण ढकाल

सदस्य
केदारनाथ पोखरेल

सदस्य
सि-आई हरि बहादुर गुरुङ

सदस्य
उमा परियार

लेखा सुपरिविक्षण समिति

संयोजक
हर्क बहादुर गुरुङ

सदस्य
बालाकृष्ण पौडेल

सदस्य
खिम कुमारी गुरुङ

सल्लाहकारहरू

कानुनी सल्लाहकार

ध्रुव मोहन भट्टराई
वरिष्ठ अधिवक्ता

चन्द्र बहादुर ठकुरी
(सहकारी विज्ञ)

डा. आनन्द बहादुर श्रेष्ठ
(चिकित्सक)

मे. राम प्रसाद गुरुङ्ग
(समाजसेवी)

गणेश कुमार प्रधान
(समाजसेवी)

एक नारायण शर्मा
(समाजसेवी)

ROYAL

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

Head Office: Buddhachowk, Pokhara | ☎: 061-538833, 537833, 520933

Service Center: • Dulegaunda, Tanahun, ☎: 065-414490 | • Bhandardhik, Lekhnath, ☎: 561775 | Shisuwa, Mohariya, ☎: 560903

E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

"भौतिक दुरी कायम गरौं (कोरोना) भाईरसबाट बचौं"